"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ् कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

दैमासिक

वर्ष १० अंक ४४, जेठ-असार २०८१ www.ncbl.coop 14 May 2024-15 May 2024

# २२औं

## स्थापना दिवस-२०८१

National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित
सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष १० अंक ४४, जेठ-असार २०८१ www.ncbl.coop 14 May 2024-15 May 2024

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता

सल्लाहकार
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

सुचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक
राम बहादुर जि.सी.

सदस्यहरु
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना
विजया घिताल
सदस्य सचिव
नवीन कुमार कार्की

प्रधान सम्पादक
राम बहादुर जि.सी.

सहयोगी
बलराम के.सी.

ठेगाना
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

# सम्पादकिय

## *वित्तीय सहकारीहरूमा किन जोखिम हुन्छ*

कुनै पनि संघ/संस्था विधि र पद्धतिअनुरूप सञ्चालन भएनन् भने त्यसमा समस्या आउन सक्छ। नेपालका सहकारीहरू स्थापित सिद्धान्त, विधि, प्रक्रिया र विधिबाट टाढा पुग्दै गएकोले केहि संस्थाहरु समस्याग्रस्त बनेका छन ।

केही वर्ष अघि गरिएको एक अध्ययनमा थोरै मात्र जोखिममा थिए, अहिले यो संख्या निकै बढेको अनुमान दैनिकजसो सहकारी सम्बन्धी सञ्चार माध्यममा आइरहेको देख्न सकिन्छ। झण्डै दश खर्ब रूपैयाँ कारोबार गर्ने करिब त्रिहत्तर लाख सदस्य भएको सहकारी अभियान समस्यामा पर्ने क्रम बढ्दै गएमा यसले नेपालको वित्तीय क्षेत्रमा नै ठुलो जोखिम ल्याउनेछ ।

सहकारीहरू स्वनियमनमा रहनुपर्ने सामाजिक संस्था हुन् तर अहिले कतिपय सहकारीहरू स्वनियमनमा छैनन्, आन्तरिक सुशासनको स्थिति कमजोर छ। यस अवस्थामा नियामक निकायको प्रभावकारी अनुगमन आवश्यक हुन्छ, तर अहिले अनुगमन दायित्व तथा क्षमतामा पनि प्रश्न देखिएको छ।

सिद्धान्तमा नरहने संस्थाहरू संक्रमणको फाइदा पनि लिइरहेका छन्। कानुननत: दोहोरो सदस्य बन्न नपाउने, सञ्चालकहरू कार्यकारी सदस्य बन्न नपाउने कानुनमा भएका प्रावधानहरू कार्यान्वयनमा आइसकेका छैनन। कानुनमा भएका प्रावधान कानुन संशोधन नभएसम्म उच्च संकल्पमा अनुपालन गर्नुसहकारीको आदर्श नै हो।

उल्लिखित कारणहरूले गर्दा अहिले सहकारीमा जोखिम बढ्दै छ, विशेषत: केहि सहकारीहरूमा जोखिम बढिरहेको छ। जसका पछि कर्जा तथा लगानीको विविधीकरण नहुन, यथार्थ वित्तीय अवस्था देखाउन सक्ने वित्तीय प्रतिवेदन प्रणाली नहुनु, अनुगमन तथा नियमन नहुनु र आन्तरिक सुशासनको अभावजस्ता कारणहरू देखिएका छन। कारोबारमा सदस्यको हैसियत नहेरी कारोबार भएको छ, ऋणको सदुपयोग भएको छैन भने कर्जासेवा विविधीकरण पनि भएको छैन, जसले कर्जा जोखिम बढाएको छ।

# राष्ट्रिय सहकारी बैंकले पठायो सदस्यको खातामा संरक्षित पूँजी फिर्ता कोषको ३ करोड ८३ लाख

ललितपुर । राष्ट्रिय सहकारी बैंकले संरक्षित पुँजी फिर्ता को षबाट सदस्यहरुले पाउने रकमको बाँडफाँट कार्य सम्पन्न गरेको छ ।

असार ३१ गते बैंकले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरुले पाउने र कमको बाँडफाँट कार्य गरेसंगै एउटै सदस्यले ९ लाख भन्दा बढी रकम प्राप्त गरेको बैंकले जनाएको छ ।

सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप बैंकमा सदस्य संघ/संस्थाहरुले जम्मा गरेको बचत र कमको लागि ४० प्रतिशत र कर्जामा तिरे को ब्याजका लागि ६० प्रतिशत भारको आधारमा कुल ३ करोड ८३ लाख २० हजार २ सय ९५ रुपैंया संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँट गरेको हो । संर क्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम सम्बन्धित सदस्य सहकारी संघ/संस्थाको खातामा जम्मा गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बताउनु भयो । उहाँका अनुसार बचत र कर्जा कारोबार गर्ने १६,०६० सहकारी संघ/संस्थाहरु को संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् ।

बचत र कर्जामा उच्च कारोबार गरी यो गदान गरेबापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचत तर्फ ९ लाख ७५ हजार ६ सय ७ तथा कर्जा तर्फ ३ लाख २४ हजार ८ सय ४ रुपैयाँ सम्म प्राप्त गर्न सफल भएको प्रमुख कार्यकारी अधिकृत गुरागाईंले बताउनु भयो ।

“उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक” भन्ने परिकल्पनाका साथ अघि बढेको बैंकले संरक्षित पूँजी फिर्ता को षबाट ५० हजार भन्दा बढी रकम प्राप्त गर्ने सहकारी संघ/संस्थाहरु बचत तर्फ २६ र कर्जा तर्फ १०४ वटा रहेका छन् । हाल बैंकमा १६ हजार ३ सय ३० सदस्य सहकारी संघ संस्थाहरु रहेका छन् । सहकारी ऐन, २०७४ तथा नियमावली २०७५ ले गरेको व्यवस्था पछि

सहकारीहरुको केन्द्रीय निकायहरु मध्ये निरन्तर संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुलाई बचत र कर्जाको आधार मा रकम बाँडफाँट गर्ने बैंक पहिलो हो । बैंकले नियमित बचत तथा कर्जाको कारोबार गर्ने र संरक्षित पूँजी फिर्ता को षबाट रकम पाउने सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई हार्दिक बधाई व्यक्त गर्दै आगामी दिनहरुमा समेत राष्ट्रिय सहकारी बैंकमा उच्च कारोबार गरी संरक्षित पूँजी फिर्ता कोषबाट लाभ लिन अनुरोध समेत विज्ञप्ति मार्फत अनुरोध गरेको छ ।



# यसकारण सहकारीको ऋण तिर्नुस



**मिनिता पौडेल**
राष्ट्रिय सहकारी बैंक लि.शाखा प्रमुख सिन्धुली

हाल नेपालमा सहकारी क्षेत्रमा केही समस्याहरू उत्पन्न भएका छन् । यी समस्याहरूको मुख्य कारणहरूमध्ये एक हो, सदस्यहरूले समयमा ऋण नतिर्न' । सहकारी संस्थाहरू सदस्यहरूको आर्थिक अप्ठेरोमा साथ दिने उद्देश्यले स्थापना गरिएका हुन र संस्थाको स्थायित्व र प्रगति सदस्यहरूको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर र हन्छ ।

नेपालमा बैंकको पहुँच नपुगेका ठाउँहरूमा सहकारी संस्थाहरूले महत्वपूर्ण भूमिका खेलिरहेका छन्। यी सहकारी संस्थाहरूले बैंकिङ सेवा नपुगेका ग्रामीण तथा दुर्गम क्षेत्रका मानिसहरूलाई विभिन्न आर्थिक सेवाहरू प्रदान गर्दै आएका छन् ।

सहकारी संस्थाको सुदृढता र दीर्घकालीन सफलता सदस्यहरूको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर गर्दछ । सहकारीले सदस्यहरूको अप्ठ्यारो समयमा सधैं साथ दिएको छ, साथै सदस्यहरुको सहयोग र जिम्मेवारी बिना सहकारीले आफ्नो उद्देश्य पूरा गर्न सक्दैन ।

## सहकारीको पहुच र भूमिका

सहकारी संस्थाहरूले समाजका विभिन्न वर्गहरूलाई सहयोग पुर्याउँदै आएका छन् ।

- ग्रामीण र शहरी क्षेत्र**हरूमा** आर्थिक सहयोग

सहकारीहरूले ग्रामीण र शहरी क्षेत्रका सदस्यहरूलाई साना-मझौला व्यवसायका लागि ऋण उपलब्ध गराउँछन् । यसले गर्दा सदस्यहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग पुग्छ । सहकारीहरूले कृषि, पशुपालन, साना उद्योग आदि क्षेत्रमा पनि आर्थिक सहयोग पुर्याउँछन्, जसले गर्दा स्थानीय अर्थतन्त्रमा सुधार आउँछ । सहकारीहरूले सदस्यहरूको आर्थिक स्थिति सुधार गर्न विभिन्न प्रकारका ऋण र बचत योजनाहरू सञ्चालन गर्दछन् । यसले सदस्यहरूलाई आर्थिक रूपमा सुरक्षित र आत्मनिर्भर बनाउँछ ।

- शिक्षा र स्वास्थ्यमा सहयोग

सहकारीहरूले शिक्षा र स्वास्थ्य सेवामा पनि आर्थिक सहयोग पुर्याउँछन् । शिक्षा ऋण र स्वास्थ्य बीमा योजनाहरू मार्फत सदस्यहरूलाई उच्च शिक्षा र स्वास्थ्य सेवामा पहुँच सहज बनाउँछन् ।

यसले गर्दा सदस्यहरूको जीवनस्तरमा सुधार आउँछ र उनीहरूलाई आर्थिक अप्ठेरोबाट बच्न सहयोग पुग्छ । सहकारीहरूले सदस्यहरूको स्वास्थ्य सुरक्षाका लागि विभिन्न प्रकारका स्वास्थ्य बीमा योजनाहरू सञ्चालन गर्दछन्, जसले गर्दा सदस्यहरूलाई आकस्मिक स्वास्थ्य समस्याहरूमा आर्थिक सहयोग मिल्छ ।

- महिलाहरूको सशक्तिकरण

विशेषगरी महिलाहरूको आर्थिक सशक्तिकरणमा सहकारीहरूको भूमिका महत्वपूर्ण छ । महिलाहरूलाई आत्मनिर्भर बनाउन सहकारीहरूले विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दछन् । महिलाहरूलाई उद्यमशीलता तालिम, साना ऋण, र व्यवसायिक परामर्श प्रदान गरेर उनीहरूको आर्थिक स्थिति सुधार गर्न मद्दत पुर्याउँछन् । सहकारीहरूले महिलाहरूलाई आत्मनिर्भर बनाउन विभिन्न प्रकारका ऋण र बचत योजनाहरू सञ्चालन गर्दछन्, जसले गर्दा महिलाहरूलाई आर्थिक रूपमा सुरक्षित र आत्मनिर्भर बनाउँछ ।

सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक अफ्ठेरोमा निम्नानुसार सहयोग गर्दै आएका छन ।

- आकस्मिक ऋण

आकस्मिक अवस्थामा सदस्यहरूलाई तुरुन्त ऋण उपलब्ध गराउने व्यवस्था सहकारीहरूको प्रमुख विशेषता हो । आकस्मिक खर्चहरू जस्तै स्वास्थ्य उपचार, घर मर्मत, वा अन्य आकस्मिक आवश्यकताहरूका लागि सहकारीहरूले सदस्यहरूलाई तुरुन्त ऋण उपलब्ध गराउँछन् । यसले गर्दा सदस्यहरूलाई आकस्मिक आर्थिक समस्याहरूबाट बच्न सहयोग पुर्याउँछ ।

- स्वास्थ्य बीमा

सदस्यहरूको स्वास्थ्य सुरक्षाका लागि सहकारीहरूले स्वास्थ्य बीमा योजनाहरू सञ्चालन गर्दछन् । यसले गर्दा सदस्यहरूलाई आकस्मिक स्वास्थ्य समस्याहरूमा आर्थिक सहयोग मिल्छ र उनीहरूको आर्थिक

बोझ कम हुन्छ। स्वास्थ्य बीमा योजनाहरू मार्फत सदस्यहरूलाई स्वास्थ्य सेवामा पहुँच सहज बनाउँछन्, जसले गर्दा उनीहरूको जीवनस्तरमा सुधार आउँछ।

- शिक्षा ऋण

सदस्यहरूका छोरा-छोरीको उच्च शिक्षाका लागि सहकारीहरूले शिक्षा ऋण उपलब्ध गराउँछन्। यसले गर्दा आर्थिक समस्याका कारण कुनै पनि सदस्यका छोराछोरीको शिक्षा अवरुद्ध हुँदैन। शिक्षा ऋण मार्फत सदस्यहरूलाई उच्च शिक्षामा पहुँच सहज बनाउँछन्, जसले गर्दा उनीहरूको जीवनस्तर मा सुधार आउँछ।

ऋण तिर्न अपिल

सहकारी संस्थाको स्थायित्व र प्रगतिको लागि हामी सबैको योगदान आवश्यक छ। तपाईंले लिएको ऋण समयमा तिरेर सहकारी क्षेत्रको सुधारमा महत्वपूर्ण भूमिका निभाउन सक्नुहुन्छ। यसका लागि निम्न बुँदाहरूमा ध्यान दिनुहोस।

१. समयमै ऋण तिर्न'होसः तपाईंले लिएको ऋण समयमा तिर्दा सहकारी संस्थाको आर्थिक स्थायित्व कायम रहन्छ। यसले अन्य सदस्यहरूलाई पनि समयमै ऋण प्राप्त गर्न सहयोग पुर्याउँछ।
२. आर्थिक योजना बनाउनुहोस : आर्थिक योजना बनाउँदा तपाईंको आय र खर्चको सही व्यवस्थापन गर्न'होस्, जसले गर्दा तपाईंलाई ऋण तिर्न सजिलो बनाउँछ।
३. सहकारीको नियम र निर्देशिका पालना गर्न'होसः सहकारी संस्थाको नियम र निर्देशिकाको पालना गर्दा तपाईंको जिम्मेवारी पूरा हुन्छ र सहकारीको स्थायित( वमा योगदान पुर्याउँछ।
४. सहकारीसँग परामर्श लिनुहोसः आर्थिक अप्ठेरोमा परेमा सहक( ारीसँग परामर्श लिनुहोस्। सहकार ीले तपाईंलाई आवश्यक सहयोग र परामर्श प्रदान गर्न सक्छ।

**सहकारीमा सदस्यहरुको भूमिका**

१. सहभागिताः सहकारीका गतिविधि( धहरूमा सक्रिय सहभागी हुनुहोस्। यसले तपाईंलाई सहकारीको गा( तविधिहरूमा जानकारी प्राप्त गर्न र निर्णय प्रक्रियामा सहभागी हुन सहयोग पुर्याउँछ।
२. जिम्मेवारी : सहकारीको नियम र निर्देशिकाको पालना गर्न'होस् । यसले तपाईंको जिम्मेवारी पूरा हुन्छ र सहकारीको स्थायित्वमा योगदान पुर्याउँछ।
३. सहयोगः सहकारीका अन्य सदस्यहरूलाई सहयोग गर्न'होस् । यसले सहकारीको सामूहिक भावना मजबुत बना( उँछ र सदस्यहरूबीच सहयोग र समर्थनको भावना बढाउँछ।
४. शिक्षा र तालिम : सहकारीले प्रद( ान गर्ने शिक्षा र तालिम कार्यक्र( महरूमा सहभागी हुनुहोस्। यसले तपाईंलाई आर्थिक व्यवस्थापन र उद्यमशीलतामा सहयोग पुर्याउँछ।

यसकारण सबै सदस्यहरूलाई यो अनुरोध छ कि आफ्नो ऋण समयमै तिरी सहकार ीको स्थायित्व र प्रगतिको लागि महत्वपूर्ण हिस्सा बन्नुहोस् । तपाईंको सक्रिय सहभागिता र जिम्मेवारीले मात्र हामी हाम्रो सहकारीलाई सुदृढ बनाउन सक्छौ।

*लेखक राष्ट्रिय सहकारी बैंक लिमिटेड सिन्धुली शाखाको प्रमुख हुनुहुन्छ।*



# स्तरीकरण कार्यक्रम मार्फत सहकारीमा सुशासन सम्बन्धी गोष्ठी भरतपुरमा सम्पन्न



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कार्यालयको आयोजनामा भरतपुर, टाँडी, हेटौंडा र कावासोती शाखा कार्यालय अन्तर्गतका सहकारी संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा "स्तरीकरण मार्फत सहकारीमा सुशासन" सम्बन्धी गोष्ठी कार्यक्रम जेठ १ गते सम्पन्न भएको छ ।

बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य केशवप्रसाद सापकोटाको अध्यक्षतामा चितवन स्थित मिड टाउन रिसोर्टको सभाहलमा आयोजित कार्यक्रममा बैंकको भरतपुर, टाँडी, हेटौंडा र कावासोती शाखा कार्यालय अन्तर्गतका २९ सहकारी संघ संस्थाका अध्यक्ष र संस्थाका प्रमुख कार्यकारी अधिकृत गरी ५२ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य केशवप्रसाद सापकोटाले हाल सहकारी क्षेत्रमा सुशासनको समस्या विद्यमान रहेको भन्दै सञ्चालक समिति संस्थागत सुशासन कायम गर्ने सन्दर्भमा चुक्न नहुने बताउनु भयो । उहाँले सहकारी संस्थाहरुले जोखिम र भार गणना एवम् मापन गर्न'पर्ने कुरामा समेत जोड दिँदै सहकारी संस्था सदस्यहरूको चाहाना, हित र आवश्यकता अनुसार सञ्चालित हुनु पर्ने बताउनु भयो ।

कार्यक्रममा बैंकको घरेलु तथा साना उद्योग विकास समितिका सदस्य भरत प्रसाद दवाडीले सदस्यलाई केन्द्र विन्दुमा राखी संस्था सञ्चालन गर्दा समस्या नहुने भन्दै सुशासनका आधारभूत तत्त्वहरू सहकारी संस्थामा प्रत्याभूत गर्न'पर्ने बताउनु भयो ।

बैंकको लघु उद्यम उपसमिति सदस्य राम प्रसाद काफ्लेले सहकारीको मर्म, मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गरी सहकारी संस्था सञ्चालन गर्दा संस्थागत सुशासनको पाटो बलियो रहने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघका सञ्चालक तेजेन्द्र बहादुर खड्का, बैंकको कावासोती शाखा समन्वय उपसमितिका सदस्यहरू शलिकराम कोइराला, पोषणराज सुवेदी, कुल प्रसाद अधिकारीले लगायतले सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गने उद्देश्यका साथ सहकारी बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि सहयोग पुगेको बताएका छन् ।

बैंकको बागमती प्रदेश प्रमुख (उपत्यका बाहेक) रामेश्वर अर्यालको स्वागत तथा भरतपुर शाखा कार्यालयका प्रमुख रमशरण सापकोटाको सञ्चालनमा भएको कार्यक्रममा बैंकका नायब महाप्रबन्धक राजेश श्रेष्ठले राष्ट्रिय सहकारी बैंकको पछिल्लो वित्तीय अवस्था सहित स्तरीकरण कार्यक्रम मार्फत सहकारीमा सुशासन कायम गर्न बैंकले सञ्चालन गरेको कार्यक्रमको औचित्य महत्व एवं आवश्यकताका विषयमा प्रस्तुतीकरण गर्नुभएकोथियो ।

## विराटनगरमा लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड विराटनगर शाखाको आयोजनामा लेखा सुपरिवेक्षण समितिको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा जेठ १ र २ गते सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ३९ वटा सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजकहरूको सहभागिता रहेको थियो । कार्यक्रम समापनको अवसरमा राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष एवम् बैंकका निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले लेखा सुपरिवेक्षण समिति सक्रिय भएको संस्थामा सहकारीमा समस्या नभएको भन्दै सहकारी सुशासन र नियम संगत सञ्चालनमा लेखा सुपरिवेक्षण समितिको महत्वपुर्ण भूमिका रहने बताउनुभयो ।

प्रदेश सहकारी संघ लिमिटेड कोशिका अध्यक्ष एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेड विराटनगर शाखा समन्वय उपसमितिका संयोजक डा. डिल्ली पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा सहकारी प्रशिक्षक अनिल वीर बज्राचार्यले लेखा सुपरिवेक्षण समितिको वर्तमान अवस्था, आन्तरिक लेखापरिक्षणका क्षेत्र तथा विधि, आन्तरिक लेखा परीक्षणको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको भूमिका लगायतको विषयमा सहजिकरण गर्नु भएको थियो ।

बैंकको विराटनगर शाखाका प्रमुख चिरञ्जीवी तिम्सिनाको सञ्चालनमा भएको कार्यक्रममा बैंकको प्रदेश प्रमुख प्रभु पोखरेलको आतिथ्यता रहेको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

## स्तरीकरण कार्यक्रम मार्फत सहकारीमा सुशासन सम्बन्धी गोष्ठी पोखरामा सम्पन्न ।

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड, गण्डकी प्रदेश कार्यालयको आयोजनामा गण्डकी प्रदेश अन्तर्गतका सहकारी संस्थाहरुलाई स्तरीकरण मार्फत सहकारीमा सुशासन सम्बन्धी गोष्ठी कार्यक्रम जेठ ३ गते सम्पन्न भएको छ ।

कार्यक्रममा बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रकुमारी पराजुलीको अध्यक्षता तथा गण्डकी प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार भेषराज रिजालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै रजिष्ट्रार रिजालले सहकारीमार्फत सदस्यहरूको आर्थिक, सामाजिक जीवनस्तर थप प्रभावकारी बनाउनका लागि सहकारीको मूल्य, मान्यता र सिद्धान्त तथा ऐन कानुनको अक्षरशः परिपालना गर्नु पर्ने बताउनु भयो । सहकारीको प्रवर्द्धन र विकासको लागि बैंकको भूमिका उल्लेख्य रहेको चर्चा गर्दै सहकारी संघ/संस्थहरुको सुशासन कायम गरी आफ्नो सदस्यहरूलाई सेवा प्रदान गर्न बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रममा सबै संस्थाहरु सहभागी हुनु पर्नेमा जोड दिनुभयो ।

बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्र कुमार पराजुलीले सहकारीको योगदान बढाउनका लागि सुशासन निर्माणमा ध्यान दिनु पर्ने बताउनु भयो । उहाँले सहकारीको मर्म, मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गरी सहकारी संस्था सञ्चालन गर्दा संस्थागत सुशासनको पाटो बलियो रहने उल्लेख गर्नुभयो।

कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्री कोइराला, कास्की जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष शेर बहादुर कार्की, राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखा समन्वय उपसमितिका पूर्व सल्लाहकार भीम गुरुङ लगायतले मन्तव्य राख्दै सहकारीलाई सुशासनयुक्त बनाउनका लागि सहकारी ऐन, नियमावली, विनियम र कार्यविधिका आधारमा सहकारीहरू सञ्चालन गर्ने, सञ्चालक, कर्मचारी र शेयर सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गरी सहकारीको मूल्य मान्यताका आधारमा काम गर्नुपर्नेमा जोड दिनु भएको थियो ।



बैंकको गण्डकी प्रदेशका प्रमुख नरेश पाण्डेको सञ्चालन तथा पोखरा शाखा कार्यालयका प्रमुख अमृत श्रेष्ठको स्वागत मन्तव्यमा भएको कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज खड्काले राष्ट्रिय सहकारी बैंकको पछिल्लो वित्तीय अवस्था सहित स्तरीकरण कार्यक्रम मार्फत सहकारीमा सुशासन कायम गर्न बैंकले सञ्चालन गरेको कार्यक्रमको औचित्य, महत्व एवं आवश्यकताका विषयमा प्रस्तुतीकरण गर्नुभएकोथियो ।

कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो ।

## पाँचथरको फिदिममा सहकारीका अध्यक्षहरूलाई क्षमता विकास तालिम सञ्चालन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड फिदिम शाखाले सञ्चालन गरेको दुई दिवसीय क्षमता विकास तालिम जेठ ३ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ४४ जना अध्यक्षहरूको सहभागिता रहेको थियो । सहकारी क्षेत्रमा रहेका अध्यक्षहरुको नेतृत्व तथा क्षमतामा विकास गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक

नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

जिल्ला सहकारी संघ लिमिटेड पाँचथरका अध्यक्ष रेणु प्रसाद ओझाको प्रमुख आतिथ्यतामा भएको तालिम समापन कार्यक्रमको सञ्चालन बैंकको फिदिम शाखाका प्रमुख ईम्तियाज आलमले गर्नुभएको थियो ।

सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तको व्यवहारिक प्रयोग, संस्थागत संरचना र सञ्चालन प्रक्रिया, नेतृत्वको भूमिका र जिम्मेवारी, सहकारीको रणनीतिक दृष्टिकोण तय गर्ने तरिका, सहकारीमा कानुन पालना, जोखिमका क्षेत्रहरूको पहिचान र व्यवस्थापन कार्यदिशा लगायतका विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रममा पाँचथर जिल्ला उद्योग वाणिज्य संघको अध्यक्ष नवराज घिमिरे, फिदिम नगरपालिकाको सहकारी शाखाका प्रमुख सरस्वती सिवाकोटी, पाँचथर जिल्ला सहकारी संघका अध्यक्ष रेणु प्रसाद ओझाले कार्यक्रममा शुभकामना मन्तव्य राख्नु भएको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत देशैभरि सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

# मोरङमा सञ्चालित सहकारीका व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड विराटनगर शाखाको आयोजनामा सहकारी संस्थाका व्यवस्थापकहरूको लागि सञ्चालित २ दिने तालिम जेठ ३ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा बुधवार र बिहीबार सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ३३ वटा सहकारी संघ/संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहकारी संघ संस्थाका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरी सुशासनयुक्त र व्यावसायिक संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ । तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, कार्यालय, सञ्चालन प्रक्रिया लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमको जेठ ३ समापन गर्दै बैंकका निवर्तमन अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी क्षेत्रको वित्तीय तथा संस्थागत विकासमा बैंकको भूमिका थप विस्तार र व्यवस्थित गर्नका लागि तालिमले सहयोग पुग्ने बताउनु भयो । उहाँले संस्थाका सञ्चालकले सहकारीको नीति नियम र विधानमा रहेर काम नगर्दा केही सहकारीमा छिटपुट समस्या आएको उल्लेख गर्दै सबै मिलेर समस्या समाधानमा लाग्नु पर्ने भन्दै सहकारीलाई स्वस्थ, स्वच्छ र व्यवस्थित गर्न सहकारी बैंकले सदस्य केन्द्रित र समुदायमा आधारित तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको बताउनु भयो । बैंकको सूचना, प्रविधि, सञ्चार तथा प्रकाशन उपसमितिका सदस्य डा. डिल्ली पोखरेले सहकारीको साधारण सभाले दिएको निर्देशन अनुसार संस्थालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि व्यवस्थापन प्रमुखको भूमिका महत्वपूर्ण हुनु पर्ने बताउनु भयो । बैंकको विराटनगर शाखाका प्रमुख चिरञ्जीवी तिम्सिनाको सञ्चालन तथा कोसी प्रदेश प्रमुख प्रभु पोखरेलको स्वागतमा भएको समापन कार्यक्रममा सहकारी प्रशिक्षक अनिल वीर बज्राचार्यले सहकारीमा व्यवस्थापकहरूको क्षमता विकासको विषयमा सहजीकरण गर्नुभएको थियो ।

## जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कलङ्की शाखाको आयोजनामा एक दिवसीय जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम जेठ ६ सम्पन्न भएको छ।

बैंकको कलङकी शाखा कार्यालय क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगद सँग सम्बन्धित कारोबार गर्ने कर्मचारीहरूलाई जाली नोट पहिचान र हस्ताक्षर चेकजाँच गर्न सहयोग पुऱ्याउनुको साथै वित्तीय कारोबारलाई चुस्त दुरुस्त बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको शाखा प्रमुख कला थपलियाले बताउनु भयो।

तालिमको समापन सत्रमा मन्तव्य राख्दै बैंकका सञ्चालक ध्रुवराज विष्टले पछिल्लो समय बजारमा नक्कली नोटको बिगबिगी बढेकोले त्यसबाट सचेत रहन र आफ्नो संस्थालाई सुरक्षित र जोखिम रहित बनाउन पनि तालिमले सहयोग पुग्ने उल्लेख गर्नुभयो। तालिममा विधि विज्ञान प्रयोग शालाका बरिष्ठ वैज्ञानिक मुकुल प्रधानले जाली नोट पहिचान तथा हस्ताक्षर जाँचको विषयमा सहजीकरण गरेका थिए ।

तालिम कार्यक्रममा बैंकको कलङकी शाखा क्षेत्रमा कारोबार गर्ने विभिन्न ३१ वटा सहकारी संघ संस्थाहरुका व्यवस्थापक, सहायक व्यवस्थापक, लेखापाल तथा नगदसँग सम्बन्धित कारोबार गर्ने कर्मचारीहरुको सहभागिता रहेको थियो।

## कावासोतीमा सहकारीका अध्यक्षहरूको क्षमता विकास तालिम सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाले सञ्चालन गरेको २ दिने सहकारीका अध्यक्षहरूको क्षमता विकास तालिम जेठ ८ गते सम्पन्न भएको छ।

सहकारीमा अध्यक्षहरूलाई संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू, नेतृत्वमा हुनुपर्ने गुणहरू, संस्था सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने सूचकहरू, संस्थालाई आवश्यक पर्ने नीति, विधि, कार्यविधि, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर, मानव संसाधन व्यवस्थापन, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनुपर्ने विधि, सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिम समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको लघु उद्यम उपसमितिका सदस्य रमप्रसाद काफ्ले ले आफ्नो मन्तव्य राख्दै तालिमले संस्थाका अध्यक्षहरूको क्षमता विकासमा सहयोग पुग्ने बताउनु भयो उहाँले यस्तो तालिम कार्यक्रमहरूमा नियमित सहभागी हुनुपर्ने र बैंकसंग नियमित कारोबारमा जोडिन आग्रह गर्नुभएको

कार्यक्रममा नवलपुर बचत तथा ऋण सहकारी संघका कार्यवाहक अध्यक्ष बद्रीनाथ नेपाल, सहकारी कर्मचारी समाज नवलपुरका अध्यक्ष नर भूपाल भुषाल कावासोती शाखा समन्वय उपसमितिका सदस्य देवीसरा पुलामी, नारायण पौडेल लगायतको उपस्थिति रहेको थियो।

तालिममा सहभागीहरूको तर्फबाट बोल्दै रवीन्द्र के.सी. र सिता गहतराजले कार्यक्रम फलदायी भएको जानकारी गराउँदै यस तालिमको सहजीकरण बैंकको स्तरीकरण विभागका अधिकृत नव कुमार अधिकारीले गर्नुभएकोथियो।

बैंकको लघु उद्यम उपसमिति सदस्य रमप्रसाद काफ्लेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक कावासोती शाखाका प्रमुख रुक्मत श्रेष्ठले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा नवलपुर जिल्ला भित्रका बचत तथा ऋण, बहुउद्देश्यीय, उपभोक्ता, पर्यटन, विद्युत्, महिला सहकारीहरूबाट ४० जना अध्यक्षहरूको सहभागिता रहेको थियो

## दाङमा सहकारीका व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तुलसीपुर शाखाको आयोजनामा सहकारी संस्थाका व्यवस्थापकहरूको लागि सञ्चालित २ दिवसीय "क्षमता विकास तालिम" जेठ ८ गते सम्पन्न भएको छ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ३८ वटा सहकारी संघ/संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।सहकारी संघ संस्थाका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरी सुशासनयुक्त र व्यावसायिक सहकारी संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने

उद्देश्यका साथ तालिम सञ्चालन गरि एको बैंकले जनाएको छ । तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, सहकारी ऐन, नियम, सिद्धान्त, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, कार्यालय, सञ्चालन प्रक्रिया लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

तालिमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि एवम् जिल्ला सहकारी संघका अध्यक्ष हेमराज गौतमले गर्नुभएको थियो । उद्घाटन पछि मन्तव्य राख्दै गौतमले हाल सञ्चालनमा रहेका सहकारी संस्थाहरु सहकारी ऐन, नियम, नियमावली तथा सहकारी मापदण्ड अनुसार चल्नु पर्नेमा जोड दिनु भयो । उहाँले ऐन नियममा नचल्नाले हाल देशभरका केही सहकारीमा संस्थाहरुमा समस्या देखिएको भन्दै सबैलाइ एउटै हो भनेर दाँज्न नमिल्ने बताउनु भयो । उहाँले तालिममा सिकेको ज्ञान र सिपलाई सहकारी संस्था र सदस्यको आर्थिक विकासमा सहयोग पुग्ने काम गर्नु पर्ने बताउनु भयो । कार्यक्रमको मंगलबार समापन गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक विजया धितालले सहकारीको साधारण सभाले दिएको निर्देशन अनुसार संस्थालाई व्यवस्थित पारदर्शी र प्रभावकारी बनाउनका लागि व्यवस्थापकको भूमिका महत्वपूर्ण हुनु पर्ने बताउनु भयो । उहाँले संस्थाका सञ्चालकले सहकारीको नीति नियम र विधानमा रहेर काम नगर्दा केही सहकारीमा छिटपुट समस्या आएको उल्लेख गर्नुभयो। तुलसीपुर उपमहा नगरपालिका सहकारी विभागका प्रमुख ललित बहादुर घर्तीले सहकारी ऐन तथा निर्देशन बमोजिम अनिवार्य रूपमा कोपोमिस प्रणाली लाई व्यवस्थित गर्न'पर्ने र सहकारीलाई स्वस्थ, स्वच्छ र व्यवस्थित गर्न सहकारी बैंकले सदस्य केन्द्रित र समुदायमा आधारित तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेकोमा खुसी व्यक्त गर्नुभएको

तालिमलाई बैंकको स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमालले प्रारम्भिक सहकारीको अवधारणा ऐतिहासिक पृष्ठभूमि र सहकारीको सिद्धान्त, प्रभावकारी ऋण व्यवस्थापन ,व्यवस्थापकको कार्य र व्यवस्थापन प्रतिवेदन, पल्स अनुगमन प्रणाली , रणनीतिक सोच, मानव संसाधन ब्यस्थापन र सहकारीमा कानुनको परिपलनाकाका विषयमा प्रशिक्षण दिनु भएको थियो । कार्यक्रममा बैंकको तुलसीपुर शाखाका प्रमुख अजय रोकायाको स्वागत मन्तव्य राख्नु भएको थियो । बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका



महोत्तरी र धनुषाका सहकारी संस्थाका व्यवस्थापकहरूलाई क्षमता विकास तालिम

ललितपुर, । राष्ट्रिय सहकारी बैंक लिमिटेड जनकपुर शाखा कार्यालयद्वारा सहकारीका व्यवस्थापकहरूको लागि आयोजना गरेको दुई दिवसीय “क्षमता विकास तालिम” जेठ १३ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा शुक्रवार र शनिवार सञ्चालन गरिएको तालिममा बैंकको जनकपुर शाखामा कारोबार गर्ने सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो ।

सहकारी संघ संस्थाका व्यवस्थापकहरूले संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, भाखा नाघेको कर्जाको व्यवस्थापन, जमानत , संस्थालाई आवश्यक पर्ने नीति विधि तथा कार्यविधिहरू, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर परिवर्तन, मानव संसाधन व्यवस्थापन लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिम समापन कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका सञ्चालक नथुनी यादव रहनु भएको थियो । कार्यक्रममा मन्तव्य राख्दै सञ्चालक यादवले सबै सहकारीहरू संस्थाहरुले सहकारी ऐन, नियम र कानुनको परिधि भित्र रहेर कार्य गरेमा मात्र संस्था सबल र दिगो हुने बताउनु भयो । बैंकका सञ्चालक एवम् मधेस प्रदेश संयोजक विश्वनाथ मण्डलले सहकारी संस्था नाफामुखी भन्दा पनि सदस्य मैत्री हुनुपर्नेमा जोड दिँदै अहिले सहकारीको ऋण असुली चुनौतीपूर्ण बन्दै गएको सन्दर्भमा यस किसिमका तालिमले

व्यवस्थापकहरूले सामना गरिरहेका कानुनी तथा व्यवहारिक पाटोमा सघाउ पुऱ्याउने र उनीहरूको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने उल्लेख गर्नुभएको तालिमले प्रशिक्षक र प्रशिक्षार्थीको ज्ञान, र अनुभवको आदानप्रदान हुने भएकोले व्यवस्थापकको वृत्ति विकासमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो। जनकपुर शाखा समन्वय उपसमितिका संयोजक राम नगिना राउतले सहकारी बैंकद्धारा सञ्चालित यस तालिमले सहकारीमा क्षेत्रमा देखिएको अविश्वासको वातावरणलाई न्यूनीकरण गर्न सहयोग पुग्नुको साथै सहकारीका व्यवस्थापकलाई जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्ने भएकोले व्यवस्थापकको क्षमता अभिवृद्धि नगरी उक्त लक्ष्य हासिल गर्न नसकिने बताउनुभएको थियो ।

तालिमलाई मिलीजुली कालिञ्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड दो लखाका प्रमुख कार्यकारी अधिकृत ईश्वर न्यौपानेले सहकारीको सिद्धान्त र आधार भूत मूल्य मान्यता, सहकारीको वृद्धि तथा विकास र गुणस्तरीय सेवा सुनिश्चितताको लागि व्यवस्थापकको भूमिका, व्यवस्थापकसँग हुनु पर्ने ज्ञान, सीप र क्षमता, दिगो सहकारीको लागि व्यवस्थापकको भूमिका लगायतका विभिन्न ८ वटा विषयमा सहजिकरण गर्नुभएको थियो । बैंकको मधेस प्रदेश प्रमुख विष्णुप्रसाद पर ाजुलीको सञ्चालन तथा शाखा प्रमुख विनोद चुडालको स्वागतमा भएको कार्यक्रममा महोत्तरी र धनुषा जिल्लाका विभिन्न सहकारी संस्थाहरूबाट ४० जना व्यवस्थापकहरूको सहभागिता थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, ले खा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पूर्ण शाखा कार्यालय मार्फत सञ्चालन गरिरहेको छ ।

## इलाममा सहकारीका अध्यक्षहरूको लागि क्षमता विकास तालिम सञ्चालन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड इलाम शाखा कार्यालयद्वारा सहकारी संस्थाका अध्यक्षहरूको लागि आयो जना गरेको दुई दिवसीय “क्षमता विकास तालिम” जेठ १३ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा जेठ १२ र १३ गते सञ्चालन गरिएको तालिममा बैंकको इलाम शाखामा कारोबार गर्ने विभिन्न सहकारी संस्थाका ३८ जना अध्यक्षहरूको सहभागिता रहेको थियो ।

तालिमको उद्घाटन देउमाई नगर पालिका सहकारी शाखाका प्रमुख योग माया रिसालले गर्नुभएको थियो । उहाँले तालिम कार्यक्रमले सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकासमा सहयो ग पुग्ने बताउनु भयो उहाँले यस्तो तालिम कार्यक्रमहरूमा नियमित सहभागी हुनुपर्ने र बैंकसंग नियमित कारोबारमा जोडिन आग्रह गर्नुभयो। देउमाई नगरपालिकाको सहकारी समन्वय समितिका अध्यक्ष दावा तामाङले बैंकले आयोजना गरेको अध्यक्षहरुको क्षमता विकास तालिममा सहभागीको रुपमा समेत रहनुभएको उहाँले यो तालिम अत्यन्तै प्रभावकारी रहेको जनाउनुभयो । उहाँले यो तालिम सहि समयमा सञ्चालन भएको र संस्थाको नीति तथा कार्यक्रम समयमै निर्माण गरि आगामी दिनमा संस्थालाई सबल र सदस्य केन्द्रित बनाई सञ्चालन गर्नका लागि सहयोग पुग्ने बताउनुभयो ।

## धादिङ र बलम्बु क्षेत्रका सहकारी संस्थाका व्यवस्थापकहरूलाई क्षमता विकास तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बलम्बु शाखा कार्यालयद्वारा सहकारीका व्यवस्थापकहरूको लागि आयोजना गरेको दुई दिवसीय “क्षमता विकास तालिम” जेठ १५ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सोमबार र मंगलबार सञ्चालन गरिएको तालिममा बैंकको बलम्बु शाखामा कारो बार गर्ने सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको सहभागिता रहेको थियो ।

सहकारी संघ संस्थाका व्यवस्थापकहरूले संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू सदस्यहरूलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरू, आवश्यक कागजातहरू, धितो मूल्याङ्कन, भाखा नाघेको कर्जाको व्यवस्थापन, जमानत , संस्थालाई आवश्यक पर्ने नीति विधि तथा कार्यविधिहरू, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर परि वर्तन, मानव संसाधन व्यवस्थापन लगायत सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड का प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद दाहालले सहकारीको वर्तमान अवस्था र यसमा सहकारीका व्यवस्थापकले चाल्नु पने कदमहरू, सहकारीका व्यवस्थापकको निरन्तर वृद्धि विकासको आवश्यकता र श्रोतहरू, जोखिममा परेका ऋणहरूको उचित व्यवस्थापन, सहकारी संस्थामा

उपलब्ध श्रोत तथा साधनको न्यायिक प्रयोग तथा व्यवस्थापन लगायतका विषयमा सहजिकरण गर्नुभएकोथियो ।

बैंकको बलम्बु शाखाका कर्मचारी शिव खनालको सञ्चालन तथा शाखा प्रमुख सविना पोखरेलको स्वागतमा भएको कार्यक्रममा काठमाण्डौंको चन्द्रागिरि नगरपालिका र धादिङ जिल्लाका विभिन्न सहकारी संस्थाहरूबाट २७ जना व्यवस्थापकहरूको सहभागिता थियो ।

## सिरहामा सहकारीका सञ्चालकहरूको लागी सञ्चालन सञ्चालित क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाले सिरहाको लहान स्थित होटल माखनभोगमा सहकारी संघ संस्थाहरूका सञ्चालकहरूका लागी सञ्चालन गरेको दुई दिवसीय "सञ्चालकको क्षमता विकास तालिम" सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा जेठ १२ र १३ गते सञ्चालन गरिएको तालिममा उदयपुर, सप्तरी र सिरहा जिल्लाका लहान, धन गढीमाई, सुखी पुर,गोल बजार, मिर्चैया, सिरहा नगरपालिका लगायत विभिन्न क्षेत्रका सहकारी संघ संस्थाहरूबाट ४५ जनाको सहभागिता रहेको थियो । सहकारी क्षेत्रमा सञ्चालकहरूको क्षमता अभिवृद्धि गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

बैंकको लहान शाखा समन्वय उप-समितिका संयोजक सञ्जय कुमार महतोको अध्यक्षतामा तालिमको शुभारम्भ भएको तथा उक्त कार्यक्रमको प्रमुख अतथ्यता बैंकको सञ्चालक श्री विश्वनाथ मण्डल र बैंकको केन्द्रीय व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उप समितिका सदस्य श्री पञ्चलाल महतो, शाखा समन्वय उप-समितिका सदस्य फुलेश्वर महतो, तथा जिल्ला सहकारी संघका उपाध्यक्ष हरि नारायण यादवको अतथ्यता तालिमको उद्घाटन तथा समापन कार्यक्रम भएको थियो ।

समापन समारोहमा बोल्दै बैंकका सञ्चालक विश्वनाथ मण्डलले सहकारी क्षेत्रको वित्तीय तथा संस्थागत विकासमा बैंकको भूमिका थप विस्तार र व्यवस्थित गर्नका लागि तालिमले सहयोग पुग्ने उल्लेख गर्नुभयो। सहकारीलाई स्वस्थ, स्वच्छ र व्यवस्थित गर्न सहकारी बैंकले सदस्य केन्द्रित र समुदायमा आधारित तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गरेको हुँदा सबल सहकारी निर्माणमा सहयोग पुग्ने बताउनु भयो ।

बैंकको लहान शाखा समन्वय उप-समितिका संयोजक सञ्जय कुमार महतोले तालिममा सिकेको, बुझेका ज्ञानहरूलाई व्यवहारमा उतारेर आ-आफ्नो संघ संस्थाहरुमा लागु गरी संस्थालाई उत्कृष्ट बनाउन तर्फ लाग्न सम्पूर्ण सहभागीहरूलाई अनुरोध गर्नुभयो । कार्यक्रमका सहभागीहरूले बैंकद्वारा सञ्चालन गरिएको सञ्चालकको क्षमता अभिवृद्धि तालिम समय सान्दर्भिक र अत्यन्तै प्रभावकारी रहेको तथा बैंकले गरेको यस किसिमको घरदैलो तालिमले सहकारी संस्थाहरुलाई सबलीकरण हुन सहयोग पुगेको बताएका छन् । उनीहरूले दुई दिनको तालिमबाट नयाँ सिकाई भएको उल्लेख गर्दै तालिमले संस्था व्यवस्थापनको लागि महत्त्वपूर्ण सहयोग पुगेको बताएका छन् । बैंकको लहान शाखाका प्रमुख राहुल झाले तालिममा उपस्थित सम्पूर्ण सहभागहिरुलाई स्वागत गर्दै सहकारीका दिगो विकास र सदस्य वित्तीय साक्षरता कार्यक्रमका लागी सहकारी बैंक सदैव तत्पर रहेको र सदस्यहरूको हरेक समस्यामा बैंक साथ दिने समेत प्रतिबद्धता दिनुभएको थियो । कार्यक्रमका सहभागीहरूले हाम्रो चाहाना पुरा भएको भन्दै बैंक र प्रशिक्षकलाई धन्यवाद ज्ञापन गर्नुभएकोथियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत देशैभर सहकारी संघ,संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ ।

## धनुषा र महोत्तरी जिल्लाका सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड जनकपुर शाखाको आयोजनामा सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता विकास सम्बन्धी दुई दिवसीय तालिम जनकपुर धाममा जेठ १६ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सोमबार र मंगलबार सञ्चालन गरिएको तालिममा धनुषा र महोत्तरी जिल्लाका सहकारी संघ संस्थाका ४० अध्यक्षहरूको सहभागिता रहेको थियो ।

तालिममा सहकारीको परिचय, इतिहास, सञ्चालन प्रक्रिया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति नियम, सञ्चालकको आचारसंहिता, सहकारीको मूल्य मान्यता तथा सिद्धान्तहरूको व्यवहारिक

प्रयोगको परीक्षण, कार्य योजना तथा बजेट निर्माणमा अध्यक्ष तथा सञ्चालकको भूमिका लगायतका विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत र ाजकुमार बरालले सहजिकरण गर्नुभएको थियो । तालिम समापनका अवसरमा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवम् कार्यक्रमका प्रमुख अतिथि नथुनी यादवले सहकारीलाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक नीति नियम बनाउनेदेखि सञ्चालन गर्ने काम सञ्चालक समितिको भएकाले क्षमता अभिवृद्धि गर्न आग्रह गर्नुभयो ।

बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले सहकारी क्षेत्रको संस्थागत विकासमा अध्यक्षहरूको महत्वपूर्ण भूमिका रहेको भन्दै यस्ता तालिमले सहकारी क्षेत्रको विकास, प्रवर्द्धन, संस्थागत सुशासन र व्यवस्थापनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको कार्यक्रम बैंकको मधेस प्रदेशका प्रमुख विष्णु प्रसाद पराजुलिको स्वागत तथा शाखा प्रमुख विनोद चुडालको सञ्चालनमा सम्पन्न भएको थियो ।बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पूर्ण शाखा कार्यालय मार्फत सञ्चालन गरिरहेको छ ।

## कास्कीमा सहकारीका कोषाध्यक्षहरुको क्षमता विकास तालिम सम्पन्न

वैशाख । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाको आयोजना तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, कास्कीको व्यवस्थापनमा २ दिने सहकारीका कोषाध्यक्षको क्षमता विकास तालिम जेठ १९ गते पोखरामा सम्पन्न भएको छ ।

सहकारीमा सहकारीको सिद्धान्तहरूको व्यवहारिक प्रयोग, संस्थागत संरचना, संस्था सञ्चालन प्रक्रिया, कोषाध्यक्षको काम र कर्तव्य, वित्तीय, व्यवस्थापनसँग सम्बन्धित कार्यविधि, नीतिगत व्यवस्था, योजना तथा बजेट निर्माण र समीक्षा, लेखापाल सम्बन्धी आधारभूत ज्ञान, सिप र लेखा नियन्त्रण, स्रोतको लागत तथा प्रतिफल विश्लेषण, श्रोत व्यवस्थापन रणनीति तय, वित्तीय विश्लेषण वा वासलात विश्लेषण, लेखा परीक्षण प्रतिवेदन अध्ययन र विश्लेषण, बचत प्रोड्क्टहरु, समय सापेक्ष ब्याजदर, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनुपने विधि, सम्भावित जोखिम कम गर्न सहयोग पुर्‍याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रकुमारी पराजुलीको अध्यक्षता तथा गण्डकी प्रदेश सहकारी रजिस्ट्रार कार्यालयका रजिस्ट्रार भेषराज रिजालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै रजिस्ट्रार रिजालले सहकारी मार्फत सदस्यहरूको आर्थिक, सामाजिक जीवनस्तर थप प्रभावकारी बनाउनका लागि सहकारीको मूल्य, मान्यता र सिद्धान्त तथा ऐन कानुनको अक्षरशः परिपालना गर्न पर्ने बताउनु भयो ।

सहकारीको प्रवर्द्धन र विकासको लागि बैंकको भूमिका उल्लेख्य रहेको चर्चा गर्दै सहकारी संघ/संस्थाहरुको सुशासन कायम गरी आफ्नो संस्थालाई दिगो, भरपर्दो र नितिसङ्गत सुशासनमा रहन बैंकले सञ्चालन गरेको कोषाध्यक्षको क्षमता विकास तालिमबाट सहयोग पुग्नेमा जोड दिनुभयो । बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रा कुमारी पराजुलीले सहकारीको योगदान बढाउनका लागि सुशासन निर्माणमा ध्यान दिनु पर्ने बताउनु भयो। उहाँले सहकारीको मर्म, मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गरी सहकारी संस्था सञ्चालन गर्दा संस्थागत सुशासनको पाटो बलियो रहने साथै बैंक र सहकारी बिच मुटु र धड्कन जस्तो सम्बन्ध रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा कास्की बचत तथा ऋण सहकारी संघ लिमिटेडको अध्यक्ष शेर बहादुर कार्कीले आफ्नो संस्था सुशासन भए अरूलाई पनि बनाउन सकिने बताउँदै सबै संस्थालाई ढुक्क भएर राष्ट्रिय सहकारी बैंक लिमिटेडमा सम्पूर्ण कारोबार गर्न र बैंकले प्रदान गर्ने सबै सेवा लिन आग्रह गर्नुभएको

राष्ट्रिय सहकारी बैंक लिमिटेडको पोखरा शाखाका प्रमुख अमृत श्रेष्ठले तालिमको उद्देश्यबारे प्रकाश पार्दै तालिमले आ-आफ्नो संस्थामा कोषाध्यक्षले गर्नुपने काम, कर्तव्य र जिम्मेवारी बुझी संस्थामा पूर्ण लागू गर्दै संस्था दिगो र भरपर्दो बनाउन सक्नुपर्ने कुरामा जोड दिनु भयो । तालिममा सहभागीहरूको तर्फबाट बोल्दै र सहभगीहरुले तालिम एकदमै फलदायी भएको र यस्तो तालिम सदैव सञ्चालन गरिरहनु पर्ने बताउनु भयो ।

तालिमको सहजीकरण विशाल सहकारीका प्रमुख कार्यकारी अधिकृत सुदिप ढकालले गर्नुभएकोथियो । कास्की जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका सचिव मीनराज तिमिल्सिनाले सञ्चालन गर्नुभएको कार्यक्रमको स्वागत मन्तव्य संघका उपाध्यक्ष ईश्वर प्रसाद सुबेदीले गर्नुभएको थियो ।

कार्यक्रममा कास्की जिल्ला भित्रका बचत तथा ऋण र बहुउद्देश्यीय सहकारीहरूको उल्लेख्य सहभागी रहेको थियो ।

## वीरगन्जमा सहकारीका ध्यक्षहरूको

## क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड वीरगन्ज शाखाले सञ्चालन गरेको २ दिने सहकारीका अध्यक्षहरूको क्षमता विकास तालिम जेठ १९ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा जेठ १८ र १९ गते सञ्चालन गरिएको तालिममा विभिन्न सहकारी संघ संस्थाहरूका ४९ अध्यक्षहरूको सहभागिता रहेको थियो ।

सहकारीमा अध्यक्षहरूलाई संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू, नेतृत्वमा हुनुपर्ने गुणहरू, संस्था सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने सूचकहरू, संस्थालाई आवश्यक पने नीति, विधि, कार्यविधि, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनु पर्ने विधि, सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकका सञ्चालक एवम् मधेस प्रदेशका संयोजक विश्वनाथ मण्डलले बताउनु भयो ।

कार्यक्रमको राष्ट्रिय सहकारी महासंघका सञ्चालक शम्भु प्रसाद गुप्ताले गर्नुभएको थियो, भने समापन जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका महासचिव जिष्णु बरालले गर्नुभएकोथियो । कार्यक्रमको सञ्चालन बैंकको वीरगन्ज शाखाका प्रमुख सञ्जयकुमार महतोले गर्नुभएको थियो ।

## सुर्खेतमा सहकारी बैंकको वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुर्खेत शाखाको आयोजनामा वीरेन्द्रनगरमा सञ्चालित वार्षिक योजना तथा बजेट तर्जुमासम्बन्धी एक दिवसीय जेठ २२, गते सम्पन्न भएको छ । जेठ २० र २१ गते बैंकको सुर्खेत शाखामा कारोबार गर्ने सहकारी संघ संस्थाका सञ्चालक तथा प्रबन्धकहरूका लागि सञ्चालित तालिममा सहकारी संस्थाहरुको वार्षिक योजना तथा बजेट निर्माण सम्बन्धमा सहजीकरण गरिएको थियो ।

तालिम समापनमा बोल्दै बैंकका सञ्चालक एवम् कर्णाली प्रदेश संयोजक कालि बहादुर महतराले सहकारी क्षेत्रलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि संस्थाहरुले योजना बनाएर काम गर्नुपर्ने र त्यसका लागि बैंकले सञ्चालन गरेको तालिम सहयोगी हुने बताउनु भयो । उहाँले संस्थाहरु कारोबारका आधारमा नभई योजना, कार्यक्रम र सुशासनका हिसाबले प्रभावकारी हुनु पर्नेमा जोड दिनु भयो ।

तालिमका सहभागीहरूले वार्षिक योजना तथा बजेट तर्जुमा सम्बन्धी तालिम पछि संस्थाको योजना निर्माण र कार्यान्वयनमा सहज हुने बताएका छन् । संस्थाले बनाएका योजनालाई थप प्रभावकारी र व्यवस्थित गराउन तालिम अत्यन्तै सहयोगी भएको सहभागीहरूको भनाइ छ । बैंकका अधिकृत सूर्यप्रसाद रिमालले सहजिकरण गर्नुभएको तालिममा शाखा प्रमुख सागरनाथ योगीले सञ्चालन गर्नुभएकोतालिममा विभिन्न सहकारी संघ संस्थाका ३४ जनाको सहभागिता रहेको थियो ।

## स्याङ्जामा सहकारीका ध्यक्षहरूको लागि क्षमता विकास तालिम सञ्चालन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड वालिङ शाखाले सञ्चालन गरेको दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम जेठ २१ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा शनिवार र आइतबार सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका ५० वटा सहकारी संस्थाहरूका अध्यक्षहरूको सहभागिता रहेको थियो ।

सहकारी संस्थामा अध्यक्षहरूलाई संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू, नेतृत्वमा हुनुपर्ने गुणहरू, संस्था सञ्चालन गर्दा ध्यान दिनुपर्ने सूचकहरू, संस्थालाई आवश्यक पर्ने नीति, विधि, कार्यविधि, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनुपर्ने विधि, सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिम समापन कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक एवम् गण्डकी प्रदेशका संयोजक रामबहादुर जि.सीले सहकारी संस्थाहरु सञ्चालनको क्रममा सञ्चालक समिति, कर्मचारी र सदस्यहरू भनेको संस्थाको मेरुदण्ड भएको बताउनु भयो । 'यी तीन मेरुदण्डहरू जहाँ नियमसँग तथा प्रभावकारी ढङ्गबाट चलायमान हुन्छन्, या भएका छन्, ती सहकारी संस्थाहरुमा कुनै समस्या छैनन्, संस्थाको नीति विधिमा आधारित भएर संस्था चलाउने, सुशासनलाई मुख्य आधार लिनुपर्छ यसो गर्नाले हामीले काम गरेको नेतृत्व गरेको संस्था बलियो हुन्छ भन्ने कुरामा विशेष जोड दिनुभयो ।

बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रकुमारी पराजुलीले तालिमले संस्थाका अध्यक्षहरूको क्षमता विकासमा सहयोग पुग्ने बताउनु भयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ स्याङ्जाका सदस्य उमेश दर्लामी, उपकार बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष यमकान्त खनाल, स्वाभिमान बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष

निताकुमारी बगाले लगायतले कार्यक्रममा बोल्दै तालिम निकै प्रभावकारी रहेको उल्लेख गर्दै संस्था सञ्चालन गर्न तालिमले थप टेवा पुगेको बताएका छन् ।

तालिममा सहकारी परिचय, सिद्धान्त, सहकारी संस्थाहरुको कार्य योजना तथा बजेट निर्माण, प्रभावकारी ऋण व्यवस्थापन, आधारभूत वित्तीय साक्षरता ज्ञान एवं सदस्यलाई वित्तीय परामर्श उपलब्ध गराउने भूमिका, सहकारी ऐन, नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, वित्तीय विश्लेषण गर्ने सिप, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालकर अध्यक्षको भूमिका लगायतको विषयमा सहकारी प्रशिक्षक अनिलवीर बज्राचार्यले सहजीकरण गर्नुभएकोथियो ।

बैंकको सञ्चालक एवं गण्डकी प्रदेशका संयोजक रामबहादुर जि.सीको अध्यक्षतामा सम्पन्न भएको तालिमको सञ्चालन शाखा प्रमुख टिकाराम अधिकारीले गर्नुभएकोथियो । बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

## सहकारी बैंकको पूर्व सदस्यता अभिमुखीकरण कार्यक्रम तालचोकमा सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तालचोक शाखाको आयोजनामा एक दिवसीय “पूर्व सदस्यता अभिमुखीकरण कार्यक्रम” जेठ सम्पन्न भएको छ ।

बैंकको तालचोक शाखा कार्यालयको कार्यक्षेत्रमा सम्भावित सदस्य संस्थाहरुलाई लक्षित गरि सञ्चालन गरिएको तालिममा बैंकले सञ्चालन गरेको वित्तीय तथा गैर-वित्तीय सेवा तथा सुविधाको विषयमा जानकारी गराइएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि एवम् बैंकको लेखा सुपरिवेक्षण समितिको सदस्य चन्द्रकुमारी पराजुलिले सहकारी बैंकले सहकारी संघ/संस्थाहरुको विकास र प्रवर्द्धनको लागि “उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक” भन्ने नारा सहित अघि बढेको बताउनु भयो । उहाँले सहकारी बैंकले वित्तीय सेवासँगै सहकारी क्षेत्रको बृहत्तर विकासको लागि बहस पैरवी, शिक्षा तालिम तथा स्तरीकरण कार्यक्रम सञ्चालन, बस्तु तथा सेवाको विविधीकरण, जोखिम व्यवस्थापन र नवीनतम सूचना प्रविधि तथा प्राविधिक सेवा मार्फत अघि बढेको उल्लेख गर्दै बैंकमा आबद्ध भएर सेवा उपभोग गर्न आग्रह गर्नुभएको

कार्यक्रममा बैंकको पोखरा शाखाका प्रमुख अमृत श्रेष्ठले बैंकको सेवा तथा सुविधाको विषयमा प्रस्तुतीकरण गर्नुभएकोथियो । बैंकको तालचोक शाखाका प्रमुख पूर्णिमा पाठकले सञ्चालन गर्नुभएकोकार्यक्रममा कार्यक्षेत्रभित्रका विभिन्न सहकारी संस्थाका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## चितवनमा सहकारीका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

भरतपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भरतपुर शाखाले सञ्चालन गरेको दुई दिवसीय सहकारी संस्थाका व्यवस्थापकहरूको क्षमता विकास तालिम जेठ २२ सम्पन्न भएको छ । एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सोमबार र मंगलबार सञ्चालन गरिएको तालिममा चितवन जिल्लाका ३५ वटा सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक तथा सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको समापन बैंकका सञ्चालक तारा गुरुङले गर्नुभएकोथियो । समापन कार्यक्रममा बोल्दै सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनु भयो ।

उहाँले सहकारीका सञ्चालक समितिले संस्थामा निर्णय गर्ने भए पनि कार्यान्वयन गर्ने व्यक्ति व्यवस्थापन तहका कर्मचारीहरु नै भएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्दा संस्थालाई नीतिगत रूपमा अगाडि बढाउन टेवा पुग्ने, सुशासन र विधिलाई पालना गर्न अभिप्रेरित गर्ने भएकाले यो कार्यक्रम देशैभरी सञ्चालन गरिएको उल्लेख गर्नुभयो।

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई सहकारी प्रशिक्षक तेज प्रसाद बजगाईंले व्यवस्थापकको क्षमता विकासका विभिन्न विषयमा सहजिकरण गर्नुभएको थियो । उहाँले दैनिक प्रशासन सञ्चालनदेखि सहकारी ऐन, नियमको कार्यान्वयन, सहकारी क्षेत्रमा नयाँ प्रविधिको विकास र सहकारीको साख वृद्धिका लागि व्यवस्थापकको भूमिका बढाउनु पर्नेमा जोड दिनु भयो । समापन कार्यक्रम भरतपुर शाखाका प्रमुख रामशरण सापकोटाले सञ्चालन गर्नुभएको थियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम

अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

## सहकारी बैंकद्वारा विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बाग्लुङ शाखाले विश्व वातावरण दिवसको अवसरमा 'वृक्षारोपण' कार्यक्रम सम्पन्न गरेको छ । "हाम्रो भूमि, हाम्रो भविष्य" भन्ने मूल नारासहित बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बाग्लुङ नगरपालिका वडा नम्बर-९, स्थित आशा पुर्णेश्वर महादेव मन्दिरको प्राङ्गणमा विभिन्न प्रजातिको फलफुलका विरुवाहरु वृक्षारोपन गरिएको थियो । वृक्षारोपन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका संचालक एवम् जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष हुमा कुमारी जि.सी., बैंकका सञ्चालक एवम गण्डगी प्रदेशका संयोजक राम बहादुर जि.सी., बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष चण्डी प्रसाद शर्मा पौडेल, बैंकको बाग्लुङ शाखा समन्वय उप-समितिका संयोजक ध्रुव प्रसाद शर्मा, सदस्य कृष्ण प्रसाद पौडेल विभिन्न सहकारी संस्थाका संघ संस्थाका संचालक, व्यवस्थापक तथा कर्मचारीहरुको सहभागीता रहेको थियो ।




संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७४ देखि हरेक वर्ष जुन ५ तारिखमा विश्व वातावरण दिवसका रूपमा मनाइँदै आएको छ । सन् १९७२ मा स्वीडेनको राजधानी स्टकहोममा मानव वातावरणसम्बन्धी संयुक्त राष्ट्र सम्मेलनको पहिलो दिनमा उक्त सभाले डिजाइन गरेको यो दिवस सन् १९७४ देखि 'मात्र एक पृथ्वी' वा 'वन्ली वन अर्थ' नाराका साथ विश्वव्यापी उत्सव बनाइएको थियो । त्यसयता, विश्वका अन्य देशहरूमा पनि यस कार्यक्रमलाई विशेष प्राथमिकताका साथ मनाउन थालिएको छ ।

## स्याङ्जाको पुतली बजार क्षेत्रका सहकारी संस्थाका अध्यक्षहरूलाई क्षमता विकास तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड पुतलीबजार शाखा कार्यालयले आयोजना गरेको दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम २२ गते सम्पन्न भएको छ । एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सोमबार र जेठ २१ र २२ गते सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका सहकारी संस्थाहरूका अध्यक्षहरूको सहभागिता रहेको थियो । सहकारी संघ संस्थाका अध्यक्षहरूको क्षमता अभिवृद्धि गरी सहकारी संघ संस्थालाई कुशलतापूर्वक सञ्चालन, व्यवस्थापन र नेतृत्व गर्न सक्षम बनाई संस्थालाई सुशासन र पारदर्शी तवरबाट संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

कार्यक्रमको उद्घाटन बैंकका सञ्चालक एवम् गण्डकी प्रदेशका संयोजक राम बहादुर जि.सीले गर्नुभएकोथियो । उद्घाटन पछि मन्तव्य राख्दै सञ्चालक जि.सीले सहकारीको साधारण सभाले दिएको निदेशन अनुसार संस्थालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि अध्यक्षको भूमिका नेतृत्वदायी तथा संयोजनकारी र नियन्त्रणकारी हुनु उल्लेख गर्दै तालिमले ज्ञान र सिपको विकास गरी सहकारी संस्थालाई फरक ढङ्गले सञ्चालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई सहकारी प्रशिक्षक अनिलवीर बज्राचार्यले विभिन्न ८ वटा विषयमा सहजिकरण गर्नुभएको थियो । उहाँले दैनिक प्रशासन सञ्चालनदेखि ऐन, नियमको कार्यान्वयन र सहकारीको साख वृद्धिका लागि सञ्चालक समितिको भूमिका बढाउनु पर्ने र त्यसको नेतृत्व गर्ने अध्यक्षलाई यस्ता विषयहरूमा जानकारी हुनुपर्नेमा जोड थियो ।

कार्यक्रममा सहभागी संस्थाका अध्यक्षहरूले तालिम पश्चात् संस्थालाई थप उचाइमा लैजान र संस्थामा नेतृत्वदायी भूमिका खेल्न तालिम सहयोगी भएको बताएका छन् । बैंकको पुतलीबजार शाखाका कर्मचारी फणीनारायण कोइरालाको स्वागत तथा शाखाका प्रमुख पुष्पा क्षेत्रीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## चितवनमा सहकारीका अध्यक्षहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न

भरतपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड भरतपुर शाखाको आयोजनामा सञ्चालन भएको दुई दिवसीय सहकारी संस्थाका अध्यक्षहरूको क्षमता विकास तालिम जेठ २४ गते सम्पन्न भएको छ। एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१

अन्तर्गत निःशुल्क रूपमा जेठ २३ र २४ गते सञ्चालन गरिएको तालिममा चितवन जिल्लाका २८ वटा सहकारी संस्थाका अध्यक्षहरूको सहभागिता रहेको थियो । तालिमलाई सहकारी प्रशिक्षक तेज प्रसाद बजगाईँले संस्था सञ्चालन गर्दा आइपने समस्याहरू, पदीय भूमिका, सहकारी सम्बन्धी कानुनी परिपालना र प्रयोग, संस्था सञ्चालन गर्दा ध्यान दिनुपर्ने सूचकहरू, संस्थालाई आवश्यक पर्ने नीति, विधि, कार्यविधि, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनुपर्ने विधि, सम्भावित जोखिम कम गर्न अपनाउनुपर्ने पक्षहरू आदीका बारेमा सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा चितवन जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष भीष्म प्रसाद खनालको आतिथ्यतामा भएको कार्यक्रममा भरतपुर शाखाका कर्मचारी सुजन रेग्मीको सञ्चालनमा भएको कार्यक्रमलाई शाखा प्रमुख रामशरण सापकोटाले समापन गर्नुभएकोथियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ ।

## काठमाडौंको न्यूरोड क्षेत्रका सहकारीकर्मीलाई जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम

ललितपुर । ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड न्यूरोड शाखाको आयोजनामा एक दिवसीय जाली नोट पहिचान तथा हस्ताक्षर जाँच विषयक तालिम जेठ २५ गते सम्पन्न भएको छ । बैंकको न्यूरोड शाखा कार्यक्षेत्रका सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगद सँग सम्बन्धित कारोबार गर्ने कर्मचारीहरूलाई जाली नोट पहिचान र हस्ताक्षर चेकजाँच गर्न सहयोग पुऱ्याउनुको साथै वित्तीय कारोबारलाई चुस्त दुरुस्त बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ ।

तालिमको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले गर्नुभएको थियो । उद्घाटन पछि मन्तव्य राख्नु हुँदै कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका उहाँले पछिल्लो समय बजारमा नक्कली नोटको बिगबिगी बढेकोले त्यसबाट सचेत रहन र आफ्नो संस्थालाई सुरक्षित र जोखिम रहित बनाउन पनि तालिमले सहयोग पुग्ने बताउनु भयो ।

तालिमको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला नास्टका वरिष्ठ वैज्ञानिक मुकुल प्रधानले जाली नोट पहिचान तथा हस्ताक्षर जाँचको विषयमा सहजीकरण गर्दै नेपाल राष्ट्रबैंक ऐन-२०५८ (संशोधित) अनुसार जाली नोटको कारोबार गरेमा बिगो जफत गरेर तीन गुणासम्म जरिवाना वा ३ वर्ष कैद अथवा दुवै सजाय हुने व्यवस्था रहेको जानकारी दिनु भयो ।

काठमाण्डौं महानगरपालिकाको विभिन्न क्षेत्रमा रहेका ३० वटा सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापाल तथा नगदसँग सम्बन्धित कारोबार गर्ने कर्मचारीको सहभागिता रहेको बैंकको न्यूरोड शाखाका प्रमुख रमा घिमिरेले बताउनु भयो ।




## साहुको हैकम तोड्ने सहकारी समस्यामा हुनु दुखद हो : मेयर पण्डित

ललितपुर । शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले विपन्न वर्गका जनताका लागि साहु महाजनको हैकम तोड्नका लागि महत्वपूर्ण भूमिका खेलेको सहकारी क्षेत्रलाई सबै मिलेर लयमा फर्काउनु पर्नेमा जोड दिनु भएको छ । राष्ट्रिय सहकारी बैंक दमौली शाखाले शुक्लागण्डकीको दुलेगौडामा सञ्चालन गरेको सहकारीका अध्यक्षहरुको क्षमता विकास तालिमको जेठ २४ गते समापनका क्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

सहकारीका नाममा व्यक्तिगत सम्पत्ती कमाउने धन्दामा लागेका केही व्यक्ति तथा संस्थामा देखिएको बिचलनका कारण साहुमहाजनको हैकम तोड्ने काम गरेका सहकारी क्षेत्रलाई कमजोर बनाउन नहुने उहाको भनाइ थियो । सहकारीको ब्यानरमा गलत गर्नेहरुलाई कार्वाही गरी राम्रो गरेकाहरुलाई प्रोत्साहन गर्नका लागि सरकारले तत्कालै योजना ल्याउनु पर्छ, आज आम जनतामा सबै सहकारीहरु खराव हुन कि ? भन्ने आशंका देखिएको छ, सबै तहका सरकार, अभियान र नागरिक समाज तथा राजनीतिक दलहरु मिलेर सहकारीको साखलाई लयमा फर्काउनु पर्नेमा उहाँको जोड थियो ।



कार्यक्रममा जिल्ला सहकारी संघ तनहुका अध्यक्ष प्रदिपराज अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्यालाई न्यूनिकरण गर्न, आफ्ना सदस्यहरुमा सहकारी जागरण ल्याउन तथा सरोकारवालाहरुसंग समन्वय गरेर अगाडि बढ्न सञ्चालक समितिले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको अध्यक्षता तथा दमौली शाखाका प्रमुख मनोज श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो । तालिममा जिल्ला सहकारी संघ ललितपुरका सचिव अनिलबीर बज्राचार्यले सहजीकरण गर्नुभएको थियो । सहकारी क्षेत्रमा राम्रा काम भएकै छैनन्, सबै सहकारी सकिनै लागे, सहकारीका सञ्चालक कर्मचारी सबै बद्मास हुन् भन्ने खालका प्रचार भइरहेको समयमा सहकारीमार्फत भएका उदाहरणीय कामहरुका बारेमा सबै सहकारीकर्मीहरुले चर्चा परि चर्चा गर्नु पर्ने उहाँको भनाइ छ ।

नराम्रो मात्रै छ भन्ने भ्रम चिदै सहकारीले समुदायको आर्थिक विकास, महिला लगायत पछि परेकाहरुको नेतृत्व तथा क्षमता विकासमा गरेको महत्वपूर्ण योगदानका बारेमा सरोकारवालाहरुका बीच प्रभावकारी सञ्चार गर्न उहाँले सहकारीकर्मीहरुलाई आव्हान गर्नु भयो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीको सफलता र असफलता सदस्यमा केन्द्रीत हुने भएकाले सदस्यहरुका बीचको सम्बन्ध बढाउनु पर्ने बताउनुभयो । राष्ट्रिय सहकारी बैंक दमौली शाखा समन्वय उपसमितिका संयोजक तथा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष अमर बहादुर कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन दमौली शाखाका प्रमुख मनोज श्रेष्ठले गर्नु भएको थियो । तालिममा जिल्ला सहकारी संघ ललितपुरका सचिव अनिलबीर बज्राचार्यले सहजीकरण गर्नुभएको थियो । उहाँले सहकारी संस्थामा प्रवन्धकहरुको भूमिका लगायत संस्थाको प्रभावकारी सञ्चालनका विविध विषयमा सहजीकरण गर्नु भएको थियो ।

# सहकारीका सकारात्मक विषयले प्राथमिकता पाएनन् : उपप्रमुख दरै




ललितपुर । ब्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले सहकारी क्षेत्रको बारेमा बढ्दै गएको नकरात्मक विषयलाई चिर्नका लागि सहकारीमार्फत भएका सकारात्मक कामहरुका बारेमा जनतालाई जानकारी गराउनु पर्नेमा जोड दिनु भएको छ । राष्ट्रिय सहकारी बैंक दमौली शाखाले दमौलीमा सञ्चालन गरेको सहकारीका व्यवस्थापकहरुको क्षमता विकास तालिमको जेठ २५ गते उद्घाटन पछि बोल्दै उहाँले यस्तो बताउनु भएको हो ।

# सहकारीको ऋण तिर्दिन भन्नेहरुलाई महानगरमा जानकारी गराउनुस् : अध्यक्ष तिवारी



ललितपुर । पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले सहकारीबाट ऋण लगेर तिर्दिन भन्नेहरुका बारेमा महानगरपालिकामा उजुरी दिन आव्हान गर्नुभएको छ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड तालचोक शाखाले आयोजना गरेको सहकारीका अध्यक्षहरुको क्षमता विकास तालिमको जेठ २८ गते समापनका क्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो । सदस्यले दुख गरेर वचत गरेको रकमबाट सदस्यहरुलाई ऋण लगानी गरिएको हुन्छ, सदस्यको रकमबाट गरिएको रकम ऋणका रुपमा लगेका सदस्यहरुले समयमा भुक्तान नगर्दा वचत फिर्तामा दवाव पर्ने भएकाले ऋण लगेका सदस्यहरुले समयमै भुक्तानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। सहकारीबाट ऋण लगेर फिर्ता नगर्ने ऋणीहरुका बारेमा महानगरपालिकालाई जानकारी गराउन आव्हान गर्दै अध्यक्ष तिवारीले सहकारीको वचत फिर्ता नगर्ने र ऋण फिर्ता नगर्ने दुवै कार्य गलत भएको बताउनुभयो । सहकारी सदस्यहरुको हो, सदस्यहरुले जम्मा गरेको रकम ऋणका रुपमा लगानी गरिएको हुन्छ, ऋण असुली भएन भने वचत फिर्तामा दवाव पर्ने कुरा बुझेर सबै ऋणी सदस्यहरुलाई समयमा नै ऋण भुक्तान गर्न उहाँले आव्हान गर्नुभएको सहकारी क्षेत्रमा देखिएका समस्याको बारे सबै सञ्चालकहरु गंभिर बन्नु पर्नेमा जोड दिदै उहाँले सहकारीलाई संरक्षण गर्न सरकारले ध्यान दिनु पर्ने बताउनुभयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका लेखा सुपरीवेक्षण समितिका सदस्य चन्द्रा कुमारी पराजुली, बैंकको गण्डकी प्रदेश शाखाका प्रमुख नरेश पाण्डे, सहभागीहरु रुपाताल पुनर्स्थापना बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शिवराज अधिकारी र शक्ति महिला कृषि सहकारीका अध्यक्ष मिना माया श्रेष्ठ लगायतले तालिमको प्रभावकारीता र कार्यान्वयनका विषयमा धारणा राख्नु भएको थियो। बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन बैंकका तालचोक शाखा प्रमुख पूर्णिमा पाठकले गर्नुभएको थियो । तालिममा जिल्ला सहकारी संघ ललितपुरका सचिव अनिलबीर बज्राचार्यले सहजीकरण गर्नुभएकोथियो । बज्राचार्यले संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरु, पदीय भूमिका, सहकारी सम्बन्धी कानुनी परिपालना र प्रयोग, संस्था सञ्चालन गर्दा ध्यान दिनु पर्ने सूचकहरु, संस्थालाई आवश्यक पर्ने नीति, विधि, कार्यविधि, संस्थालाई दीगो तथा प्रविधियुक्त बनाउन अपनाउनु पर्ने विधि, सम्भावित जोखिम कम गर्न अपनाउनु पर्ने पक्षहरु लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो।

# सहकारी बैंकको प्राविधिक सहयोगमा बागलुङ जिल्ला बचत संघको पाँच वर्षीय ‘रणनीतिक व्यावसायिक योजना तर्जुमा गोष्ठी’ सम्पन्न

ललितपुर । बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड को पाँच वर्षीय रणनीतिक व्यावसायिक योजना तर्ज'मा गोष्ठी मंगलबार सम्पन्न भएको छ।

जेठ २८ र २९ गते सञ्चालन भएको गोष्ठीमा संस्थाका पदाधिकारी, लेखा सुपरिवेक्षण समिति, सबै उपसमितिहरु र कर्मचारीको सहभागिता रहेको थियो । आगामी पाँच वर्षमा संघलाई कुन स्थानमा पुऱ्याउने र के कस्ता काम गर्ने भन्ने विषयमा छलफल भएको संस्थाका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलले बताउनु भयो । उक्त रणनीतिक व्यवसायीक योजना कार्यान्वयन गर्न सम्पूर्ण सञ्चालक समिति उपसमिति र कर्मचारीहरूको अहम् भूमिका हुने उल्लेख गर्नुभयो।

संघले आर्थिक वर्ष २०८५/०८६ सम्म वासलात ३५ करोड पुऱ्याउने लक्ष्य लिएको संघले जनाएको छ।

राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा सञ्चालन भएको गोष्ठीमा संघका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलको अध्यक्षता, उपाध्यक्ष गणेश बहादुर खत्रीको स्वागत तथा सचिव अर्ज'न कँडेलको सञ्चालनमा सम्पन्न भएको थियो।

रणनीतिक व्यावसायिक योजना निर्माणको सहजीकरण राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले गर्नुभएकोथियो।

# सहकारी संस्थाका व्यवस्थापकलाई सम्पत्ती तथा दायित्व व्यवस्थापन तालिम

ललितपुर । को-अपरेटिभ म्यानेजर्स क्लब बागलुङको आयोजना र राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको प्राविधिक सहयोगमा सहकारी संस्थाका व्यवस्थापकहरूका लागि सम्पत्ती तथा दायित्व व्यवस्थापन एवम् ऋण असुली प्रक्रिया सम्बन्धी एक दिने तालिम जेठ २९ गते सम्पन्न भएको छ ।

जिल्लाका विभिन्न क्षेत्रमा सञ्चालित सहकारीका व्यवस्थापक एवम् लेखा र ऋण हेर्ने कर्मचारीहरूको सहभागिता रहेको तालिमको उद्घाटन बागलुङ नगरपालिका सहकारी शाखाका प्रमुख प्रेमप्रसाद शर्मा पौडेलले गर्नुभएको थियो । सो अवसरमा बोल्दै उहाँले सहकारीप्रति नकारात्मक धारणा पैदा गर्नेहरूका विरुद्ध सहकारी अभियानले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सीनाले सहजीकरण गर्नुभएको तालिम क्लबका अध्यक्ष नवराज शर्माको अध्यक्षता, उपाध्यक्ष दीपकराज सापकोटाको स्वागत र सचिव तारप्रसाद शर्माको संचालनमा सम्पन्न भएको थियो ।

# सहकारीका व्यवस्थापकहरूको क्षमता विकास तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड जोरपाटी शाखाको आयोजनामा सञ्चालित सहकारी संस्थाका व्यवस्थापकहरूको “क्षमता विकास तालिम” सम्पन्न भएको छ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत दुई चरणमा निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा त्यस क्षेत्रका सहकारी संघ/संस्थाका प्रमुख कार्यकारी अधिकृत एवम् व्यवस्थापकहरूको सहभागिता रहेको थियो। पहिलो चरण जेठ २८ र २९ गते र दोस्रो चरण जेठ ३० र ३१ गते गरी दुई चरणमा सञ्चालन गरिएको बैंकको जोरपाटी शाखाका प्रमुख आदर्श धमलाले जानकारी दिनु भयो । तालिममा पहिलो चरणमा ३२ र दोस्रो चरणमा ३३ जनाको सहभागिता रहेको थियो ।

सहकारी संघ संस्थाका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गरी सुशासनयुक्त र व्यावसायिक सहकारी संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ। तालिममा सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरि यस क्षेत्रको सशक्तीकरण, जोखिम व्यवस्थापन, संस्थागत सुशासन, सहकारी ऐन, नियम, सिद्धान्त, अनुगमन प्रणाली, संस्थाको छवि निर्माणमा व्यवस्थापकको भूमिका, कार्यालय सञ्चालन प्रक्रिया लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

तालिमको पहिलो चरणको समापन बैंकका सञ्चालक केदार मानन्धर र दोस्रो चरणको समापन सञ्चालक रामहरि बजगाईंले गर्नुभएको थियो । पहिलो चरणको तालिम समापन कार्यक्रममा बोल्दै सञ्चालक केदार मानन्धरले सहकारी हाल सञ्चालनमा रहेका सहकारी संस्थाहरु सहकारी ऐन, नियम, नियमावली तथा मापदण्ड अनुसार चल्नु पर्नेमा जोड दिनु भयो । उहाँले ऐन नियममा नचल्नाले हाल देशभरका

केही सहकारीमा संस्थाहरुमा समस्या देखिएको भन्दै सबैलाई एउटै हो भनेर दाँज्न नमिल्ने बताउनु भयो। उहाँले तालिममा सिकेको ज्ञान र सिपलाई सहकारी संस्था र सदस्यको आर्थिक विकासमा सहयोग पुग्ने काम गर्नुपर्ने बताउनु भयो।

त्यसैगरी दोस्रो चरणको कार्यक्रम समापनको अवसरमा बोल्दै सञ्चालक रामहरि बजगाईँले सहकारीको साधारणसभाले दिएको निर्देशन अनुसार संस्थालाई व्यवस्थित पारदर्शी र प्रभावकारी बनाउनका लागि व्यवस्थापकको भूमिका महत्वपूर्ण हुनु पने बताउनु भयो।

तालिमलाई सहकारी प्रशिक्षक कुमार खत्री, राधेश्याम दुवाल र डा. कृष्णकान्त मिश्रले प्रारम्भिक सहकारीको अवधारणा ऐतिहासिक पृष्ठभूमि र सहकारीको सिद्धान्त, प्रभावकारी ऋण व्यवस्थापन ,व्यवस्थापकको कार्य र व्यवस्थापन प्रतिवेदन, पल्स अनुगमन प्रणाली, रणनीतिक सोच, मानव संसाधन ब्यस्थापन र सहकारीमा कानुनको परीपलना लगायतको विषयमा सहजीकरण गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन बैंकको जोरपाटी शाखाका प्रमुख आदर्श धमलाले गर्नुभएको थियो।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ।

# सुन्दरहरैंचामा सहकारीका व्यवस्थापकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैंचा शाखाले मोरङको विराटचोकमा सहकारी संघ संस्थाहरूका व्यवस्थापकहरूको लागि सञ्चालन गरेको दुई दिवसीय "क्षमता अभिवृद्धि तालिम" आषाढ २सम्पन्न भएको छ। एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा सुन्दरहरैंचा, बेलबारी, लेटाङ, केराबारी र कानेपोखरीका विभिन्न सहकारी संघ संस्थाहरूबाट ४३ जना व्यवस्थापक तथा सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो।

सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिम समापन कार्यक्रममा बोल्दै बैंकका सञ्चालक अमृता सुब्बाले कतिपय अवस्थामा व्यवस्थापकले सुशासन कायम गर्न चाहँदा समेत पदाधिकारीहरूमा सहकारी शिक्षाको कमीका कारण कैफियत देखिएको बताउनु भयो। व्यवस्थापकहरूलाई सुरक्षित र उत्पादनमूलक क्षेत्रमा सदस्यहरूलाई कर्जा लगानी गर्न आग्रह गर्दै थप वित्तीय सहयोग गर्न राष्ट्रिय सहकारी बैंक तत्पर रहेको उल्लेख गर्नुभयो।

बैंकको सुन्दरहरैंचा शाखा समन्वय उपसमितिका संयोजक टिकाप्रसाद कट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा वहाँले तालिममा सिकेको, बुझेका कुराहरूलाई व्यवहारमा उतारेर आ-आफ्नो संघ संस्थाहरुमा लागु गरी संस्थालाई सबल बनाउन तर्फ लाग्न व्यवस्थापकहरूमा अनुरोध गर्नुभएको

कार्यक्रमका सहभागीहरूले बैंकद्वारा सञ्चालन गरिएको व्यवस्थापकको क्षमता अभिवृद्धि तालिम समय सान्दर्भिक र अत्यन्तै प्रभावकारी रहेको बताएका छन्। उनीहरूले दुई दिनको तालिमबाट नयाँ सिकाई भएको उल्लेख गर्दै तालिमले संस्था सञ्चालनको लागि महत्वपूर्ण सहयोग पुगेको बताएका छन्। तालिममा सिकाई सँग-सँगै उत्प्रेरणा जगाउने खालका यस्तै रचनात्मक तथा अन्तरक्रियात्मक तालिम नियमित रूपमा सञ्चालन हुन आवश्यक रहेको बताएका छन्।

तालिमको सहजिकरण प्रमुख प्रशिक्षक सहकारी विज्ञ बागमती प्रदेश सहकारी विभागका पूर्व रजिस्ट्रार नारायण प्रसाद ज्ञवालीले सहकारीको सिद्धान्त र आधारभूत मूल्य मान्यता, सहकारीको वृद्धि तथा विकास र गुणस्तरीय सेवा सुनिश्चितताको लागि व्यवस्थापकको भूमिका, व्यवस्थापकसँग हुनु पर्ने ज्ञान, सीप र क्षमता, दिगो सहकारीको लागि व्यवस्थापकको भूमिका लगायतका विभिन्न ८ वटा विषयमा दुई दिनसम्म गर्नुभएको थियो। बैंकले चालू आर्थिक वर्ष २०८० /०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत देशैभर सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको छ।

# सहकारीका कानुनी समस्या समाधानका लागि पहल गर्छु' मन्त्री बज्राचार्य



ललितपुर । बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका मन्त्री शैलेन्द्र मान बज्राचार्यलाई राष्ट्रिय सहकारी बैंकको केन्द्रीय कार्यालयमा स्वागत गरेको छ।

सहकारी बैंकले आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका मन्त्री शैलेन्द्र मान बज्राचार्यले सहकरी क्षेत्रका कानूनी समस्या समाधानका लागिआफूले पहलगर्ने बताउनुभयो । सहकारी क्षेत्रको वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा बैंकले पुऱ्याएको योगदानको चर्चा गर्दै उहाँले संघीय सरकारको सहकारी नीतिले बागमती प्रदेशका सहकारीलाई काम गर्न केही असहज भएको भन्ने आफूले महशुस गरेको बताउनुभयो।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतीले मन्त्री बज्राचार्यलाई स्वागत गर्नु भएको थियो। उहाँले समग्र सहकारी अभियानको बारेमा जानकारी गराउँदै वर्तमान समयमा सहकारी क्षेत्रको समस्या समाधानका लागि सरकार र अभियान मिलेर सहकार्यमा अगाडी बढ्नुको विकल्प नरहेको उल्लेख गर्नु भयो।

बैंकका सञ्चालक रामहरी बजगाईले बज्राचार्यलाई बधाई ज्ञापन गर्दै वर्तमानको कठिन अवस्थामा सहकारी मन्त्रालयको बागडोर सम्हाल्नुभएकोमा कार्यकाल सफलताको लागि शुभकामना दिंदै मुलुककै सबैभन्दा बढी सहकारी संघ/ संस्था रहेको बागमती प्रदेशमा सहकारीहरुले राम्रा कार्यहरु गरेका हजारौं उदाहरणहरु हुंदाहुँदै पनि केही सहकारीहरुले बदमासी गरेको नतिजा सम्पूर्ण सहकारी क्षेत्रले झेल्नुपरेको बताउनु भयो। गर्नुभएको थियो। कार्यक्रममा बैंकका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले जानकारी गराउनुभएको थियो।

# उत्पादनसँगै रोजगारी सिर्जनाका लागि सहकारीले फण्डनै छुट्ट्याउनुपर्छ सीईओ गुरागाई

काठमाडौँ । सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले सहकारी क्षेत्रमा प्रशस्त रोजगारी सम्भावना रहेको बताएका छन् । राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको प्रथम सहकारी रोजगार मेला २०८१ मा बोल्दै उनले नेपालमा रोजगारीको अवसर छैन भन्ने भाष्य चिर्न आवश्यक रहेको बताउनु भयो।

कठिन मेहनत गरेर लक्ष्यमा पुग्नेहरुका लागि सहकारी क्षेत्रमा सम्भावना रहेको बताउँदै उनले मुलुकमा प्रयास गर्यो भने रोजगारी र वृद्धि विकासको अवसर रहेको बताउनु भयो । सहकारीले उत्पादन र रोजगारी सिर्जनाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न सक्छ, सानो पुँजीलाई परिचालन गरेर समुदायमा धेरैलाई उत्पादनमा जोड्न सक्छ र आत्मनिर्भर अर्थतन्त्रमा टेवा पुऱ्याउँछ, यस्तो रोजगारी औपचारिक भन्दा अनौपचारिकमा बढी केन्द्रित रहन्छ,' उहाँले भन्नुभयो।

सोही कार्यक्रममा वक्ताको रूपमा रहेका राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले उत्पादन र रोजगारी सँग जोड्ने सहकारी पर्याप्त हुँदा



हुँदै पनि सो अनुरूपको उपलब्धि हासिल हुन नसकेको बताउनु भयो । सहकारी बैंककै सन्दर्भमा दर्जन बढी उत्पादनसँग सम्बन्धित कर्जा शीर्षक रहेपनि सो शीर्षकमा कर्जाको माग नै नभएको उनले बताउनु भयो । ५ खर्ब बराबरको ऋण परिचालनमा रोजगारीको क्षेत्रमा ५ अर्ब रुपैयाँ पनि ऋण परिचालन हुन नसकेको उल्लेख गर्नुभयो।

साथै रोजगारीको क्षेत्रमा सहकारीहरूले फण्ड नै छुट्याएर ५ देखि ७ लाख रुपैयाँका दरले दिन सक्छन्, यसको गर्दा रोजगारीसँगै उत्पादनमा सहकारी जोडिनमा थप बल पुग्ने उनले धारणा राखे ।

हाल सहकारी क्षेत्रमा प्रत्यक्ष रूपमा डेढ लाख बढीले रोजगारी पाएका छन् भने उत्पादनसँग जोडिएका सहकारीमा कुल ग्रार्हस्थ उत्पादनमा (जिडिपी) मा ४ देखि ५ प्रतिशत योगदान रहेको उनको दाबी छ ।

## श्रम मन्त्री डोल प्रसाद अर्यालद्वारा सहकारी बैंकको केन्द्रीय कार्यालयको अवलोकन

ललितपुर । श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालद्वारा राष्ट्रिय सहकारी बैंकको अवलोकन भ्रमण गर्नुभएको छ ।

आईतबार दिउँसो पुल्चोक स्थित रहेको केन्द्रीय र्यालयको अवलोकन भ्रमण गर्नुभएको हो । मन्त्री अर्यालले नेपालको सहकारी क्षेत्रमा बैंकले पुऱ्याएको योगदानको चर्चा गर्दै सहकारी क्षेत्रको प्रवर्द्धन बिना मुलुकको आर्थिक समृद्धि सम्भव नभएको बताउनु भयो । राष्ट्रिय सहकारी बैंक देशभरीका सहकारी संघ संस्थाहरुको केन्द्रीय बैंक र भरोसा योग्य सहयात्रीका रुपमा विकास हुँदै गएको प्रति बैंकको प्रसंशा गर्नु भयो । मन्त्रि अर्याललाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले स्वागत गर्नुभएको थियो बैंकको संक्षिप्त जानकारी गराउनु भएको थियो ।




## पोखरामा सहकारीका अध्यक्षको क्षमता विकास तालिम सम्पन्न

कास्की । राष्ट्रिय सहकारी बैंक लिमिटेड पोखरा शाखाको आयोजना तथा जिल्ला सहकारी संघ लिमिटेड कास्कीको व्यवस्थापनमा दुई दिवसीय सहकारीका अध्यक्षको क्षमता विकास तालिम पोखरमा अषाढ ८ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा सञ्चालन गरिएको तालिममा कास्कीका सहकारी संघ संस्थाका अध्यक्षहरूको सहभागिता रहेको थियो । सहकारीमा अध्यक्षहरूलाई संस्था सञ्चालन गर्दा आइपर्ने समस्याहरू, नेतृत्वमा हुनुपर्ने गुणहरू, संस्था सञ्चालन गर्दा विशेष ध्यान दिनुपर्ने सूचकहरू, संस्थालाई आवश्यक पर्ने नीति, विधि, कार्यविधि, बचत प्रोडक्टहरु, समय सापेक्ष ब्याजदर, मानव संसाधन व्यवस्थापन, संस्थालाई दिगो तथा प्रविधिमुखी बनाउन अपनाउनुपर्ने विधि, सम्भावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष साबित्रा कोइरालाको प्रमुख आथित्यतामा सम्पन्न तालिम कार्यक्रममा उहाँले संस्था दिगो हुन आफ्नो सदस्यसँग सदैव पुग्नै पर्ने बताउनु भयो । 'जसरी हामी नियमित स्वास्थ्य परीक्षण गर्छौ, त्यसैगरी संस्थाको पनि नियमित पर्ल्सको मापन गर्न'पर्छ,' सदस्यलाई लगानी गर्दा एकै व्यक्तिलाई ठुलो रकम गर्नुभन्दा थोरै थोरै रकम धेरै व्यक्तिलाई गर्न सके जोखिम कम बताउनु भयो । सदस्यलाई बोनस भन्दा व्यवसायी तथा उद्यमी बनाउनु पर्ने उल्लेख गर्दै

सहकारी बैंक हामी सबैको आफ्नै बैंक भएकोले सबै सहकारी संघ संस्थाले आफ्नै सहकारी बैंकसंग कारोबार गर्नुपर्ने कुरामा जोड दिँदै र सदैव बैंकसंग संघले सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

बैंकको लेखा सुपरिवेक्षण समितिका सदस्य चन्द्रा कुमारी पराजुलीको अध्यक्षतामा सञ्चालन भएको तालिम कार्यक्रममा मन्तव्य राख्दै तालिमले संस्थाका अध्यक्षहरूको क्षमता विकासमा सहयोग पुग्ने बताउँदै तालिममा सिकेका कुरालाई संस्थामा लागू गरि संस्था दिगो बनाउनुपर्ने कुरामा जोड दिँदै तालिम कार्यक्रमहरूमा नियमित सहभागी हुन र बैंकँग नियमित कारो बारमा जोडिन आग्रह गर्नुभयो।

तालिममा सहकारीको परिचय, सिद्धान्त, सहकारी संस्थाहरुको कार्य योजना तथा बजेट निर्माण, प्रभावकारी ऋण व्यवस्थापन, आधारभूत वित्तीय साक्षर ता ज्ञान एवं सदस्यलाई वित्तीय परामर्श उपलब्ध गराउने भूमिका, सहकारी ऐन, नियमावली, आन्तरिक कार्यविधि तथा सहकारीमा सुशासन, वित्तीय विश्लेषण गर्ने सिप, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनमा सञ्चालक र अध्यक्षको भूमिका लगायतको विषयमा सहकारी प्रशिक्षक एवम् पोखरा रोयल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत भीम गुरुङले सहजीकरण गर्नुभएकोथियो । समापन कार्यक्रममा बो ल्दै प्रशिक्षक तथा सहजकर्ता भीम गुरुङले सहकारी संस्थाहरु सञ्चालनको क्रममा सञ्चालक समिति, कर्मचारी र सदस्यहरू भनेको संस्थाको मेरुदण्ड भएको बताउनु भयो । 'यी तीन मेरुदण्डहरू जहाँ नियमसँग तथा प्रभावकारी ढङ्गबाट चलायमान हुन्छन् या भएका छन्, ती सहकारी संस्थाहरुमा कुनै समस्या छैनन्, संस्थाको नीति विधिमा आधारित भएर संस्था चलाउने, सुशासनलाई मुख्य आधार लिनुपर्छ यसो गर्नाले हामीले काम गरेको नेतृत्व गरेको संस्था बलियो हुन्छ भन्ने कुरामा विशेष जोड दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको गण्डकी प्रदेश प्रमुख नरेश पाण्डेले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत देशै भरी सञ्चालन भइरहेको जानकारी गराउँदै संस्थामा मासिक नियमित बचतलाई प्राथमिकता दिँदै हाल बैंकले सञ्चालन गरिरहेको नवीनतम प्रविधिहरू तथा सेवा सुविधाको बारेमा बताउँदै बैंकसंग नियमित धेरै भन्दा धेरै कारोबार गरि लाभ लिन आग्रह गर्नुभयो।तालिम कार्यक्रममा सहभागीहरूले बोल्दै तालिम निकै प्रभावकारी र फलदायी भएको जानकारी गराउँदै संस्था सञ्चालन गर्न तालिमले थप टेवा पुगेको र आगामी दिनहरुमा पनि यस्ता खालको तालिम नियमित रूपमा सञ्चालन गर्न सुझाव समेत दिनुभयो ।

बैंकको पोखरा शाखा प्रमुख अमृत श्रेष्ठले सञ्चालन गर्नुभएको तालिम कार्यक्रममा स्वागत मन्तव्य कर्मचारी अनुरुद्र पाण्डेले गर्नुभएकोथियो, भने तालिम कार्यक्रममा जिल्ला सहकारी संघकास्कीका उपाध्यक्ष अम्बिका गौ तम लगायतले कार्यक्रम प्रति आफ्नो धारणा राख्नुभएको थियो ।

# प्रथम सहकारी रोजगार मेला-२०८१ सम्पन्न, ३ हजार बढीद्वारा अवलोकन, २ सय बढीलाई करियर काउन्सिलिङ

ललितपुर। राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको आयोजनामा भएको प्रथम सहकारी रोजगार मेला (२०८१ सम्पन्न भएको छ ।

असार ७,८ र ९ गते (तीन दिन) सम्म पुल्चोक स्थित महासंघ परिसरमा सञ्चालित मेलामा ३ हजार बढीले अवलोकन गरेका छन् । मेलामा अन्तर्राष्ट्रिय श्रम संगठन ९आइएलओ०का विज्ञद्वारा करिब २ सय विद्यार्थीलाई करियर काउन्सिलिङ गरिएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड समेत सह-आयोजक रहेको मेलाको आइतबार समापन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले सहकारीमार्फत भएको परिवर्तनलाई हेर्नुपर्ने भन्दै केही व्यक्तिहरूले सहकारीलाई बदनाम गराउँदैमा समग्र सहकारी नराम्रो भन्न नमिल्नेतर्फ ध्यानाकर्षण गराउनु भयो । सहकारीले किसानको उत्पादन बिक्री गर्ने वातावरण तय गरेको समेत बताउनु भयो ।

सहकारीले आर्थिक रूपमा विपन्न नागरिकलाई उद्यमी बन्न सिकाएको छ । उनीहरूले उत्पादन गरे का उत्पादनलाई बजारको समेत व्यवस्थापन गरि दिएको छ, उहाँले भन्नुभयो । सहकारीकै कारण धेरै मानिसको जीवनस्तर उकासिएको उल्लेख गर्नुभएको



आयोजक राष्ट्रिय सहकारी महासंघ नेपालका अध्यक्ष ओमदेवी मल्लले कार्यक्रमलाई । सफलतापूर्वक सम्पन्न गर्न योगदान गर्ने सहआयोजक, सहयोगी तथा प्रदर्शनी गर्ने संघ संस्था तथा निकायहरू व्यवस्थापकीय कर्मचारीहरू सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री तथा प्रदेश सांसद खगराज अधिकारी, पूर्व मन्त्री तथा महांघका पूर्व अध्यक्षद्वय केशव प्रसाद बडाल एवम् दीपक प्रकाश वास्कोटाले सहकारी रोजगार मेलाले सहकारी संघ संस्थाहरु तल्लो तहमा रहेर उत्पादन, प्रशोधन र बजारीकरणमा लागेर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी श्रृजनामा काम गर्दै महत्वपूर्ण योगदान पुऱ्याएको कुरा चरितार्थ भएको बताउनु भएको थियो ।




युवाहरू अवसर र रोजगारीको खोजीमा विदेशी जाने क्रम बढ्दै गइरहेको अवस्थामा नेपालको सहकारी क्षेत्रमा आबद्ध भई स्वरोजगार हुन सकिने तथा यस क्षेत्रमा पनि रोजगारीको राम्रो अवसर राम्रो छ भन्ने उद्देश्यका साथ मेला आयोजना गरिएको थियो



# धनकुटामा सहकारीका व्यवस्थापकहरूको लागि सञ्चालित क्षमता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धनकुटा शाखाले सञ्चालन गरेको दुई दिवसीय सहकारी संस्थाका 'व्यवस्थापकहरूको क्षमता विकास तालिम' असाढ ७ गते सम्पन्न भएको छ ।

एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम २०८०/०८१ अन्तर्गत निःशुल्क रूपमा बिहीबार र शुक्रवार सञ्चालन गरिएको तालिममा बैंकको धनकुटा शाखामा कारोबार गर्ने विभिन्न सहकारी संस्थाका जिल्लाका ४० वटा सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक तथा सहायक व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको समापन बैंकका सञ्चालक अमृता सुब्बाले गर्नुभएकोथियो। समापन समारोहमा बोल्दै सञ्चालक सुब्बाले सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापन प्रमुखहरूको व्यवस्थापकीय क्षमतामा विकास गर्ने गरि सहकारी क्षेत्रमा आवश्यक नवीनतम प्रविधिहरूको खोज, अभ्यास, अनुसन्धान र आवश्यकताका विषयमा अनुभव आदानप्रदान गर्ने र सहकारी क्षेत्रमा देखिएका जोखिमहरूको पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको बताउनु भयो । उहाँले सहकारीका सञ्चालक समितिले संस्थामा निर्णय गर्ने भए पनि कार्यान्वयन गने ' व्यक्ति व्यवस्थापन तहका कर्मचारीहरू नै भएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्दा संस्थालाई नीतिगत रूपमा अगाडि बढाउन टेवा पुग्ने, सुशासन र विधिलाई पालना गर्न अभिप्रेरित गर्ने भएकाले यो कार्यक्रम देशै भरी सञ्चालन गरिएको उल्लेख गर्नुभयो ।

दुई दिन सम्म सञ्चालन भएको तालिमलाई

सहकारी प्रशिक्षक झलेन्द्र प्रसाद दाहालले व्यवस्थापकको क्षमता विकासका विभिन्न विषयमा सहजिकरण गर्नुभएको थियो ।

उहाँले दैनिक प्रशासन सञ्चालनदेखि सहकारी ऐन, नियमको कार्यान्वयन, सहकारी क्षेत्रमा नयाँ प्रविधिको विकास रसहकारीको साख वृद्धिका लागि व्यवस्थापकको भूमिका बढाउनु पर्नेमा जोड दिनु भयो । शाखा समन्वय उपसमितिका संयोजक खगेन्द्र प्रसाद सुवेदीको अध्यक्षतामा भएको समापन कार्यक्रमको सञ्चालन शाखा प्रमुख प्रेम कुमार श्रेष्ठले गर्नुभएकोथियो ।

बैंकले चालू आर्थिक वर्ष २०८०/०८१ मा एन.सि.बि.एल सदस्य शिक्षा कार्यक्रम अन्तर्गत सहकारी संघ/संस्थाहरूका अध्यक्षहरूको क्षमता विकास तालिम, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता, कोषाध्यक्षको क्षमता विकास तालिम र व्यवस्थापकहरूको क्षमता विकास तालिम सञ्चालन गरिरहेको ।

# अवाञ्छित क्रियाकलापमा संलग्न जो कसैलाई पनि कानुनी कारबाही हुन्छ– गृहमन्त्री लामिछाने

ललितपुर । सहकारीका विषयमा सरकारको गम्भीर चासो रहेको भन्दै



उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले अवाञ्छित गतिविधिमा संलग्न जो कोहीलाई पनि कानुनी कारबाही हुने बताउनु भएको छ ।

अषाढ ९ गते नेपालको सहकारी अभियानको तर्फबाट राष्ट्रिय सहकारी महासंघको अध्यक्ष ओमदेवी मल्लको नेतृत्वमा गएको उच्चस्तरीय प्रतिनिधिमण्डलसँग छलफलको क्रममा गृहमन्त्री लामिछानेले उक्त कुरा बताउनु भयो । साथै उहाँले सहकारी अभियानको माग सम्बन्धमा आवश्यक अध्ययन गरी गृह मन्त्रालयबाट परिपत्र गर्ने आश्वासन समेत दिनुभयो ।

उक्त क्रममा सहकारी अभियानको तर्फबाट महासंघका अध्यक्ष मल्लले सहकारी संघ/संस्थाको ऋण असुली तथा धितो लिलाम प्रक्रियामा अराजक समूहले अवरोध पु-याएको भन्दै आवश्यक सुरक्षा व्यवस्थाको लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउनु भएको थियो । साथै सहकारी संस्थाको ऋण तिर्नुपर्दैन भनी केही अराजक समूहबाट भ्रम फैलाइएको, ऋण असुलीमा जाने कर्मचारीमाथि गालीगलौज, धम्की प्राप्त भएको, धितो लिलामी प्रक्रियामा अवरोध सिर्जना लगायतका कार्यले सहकारी संघ/संस्थाको चालु आर्थिक वर्षको खाता वन्दीमा नकारात्मक असर परेको भन्दै आवश्यक सुरक्षा व्यवस्थाका लागि गृह मन्त्रालयबाट परिपत्र गरी दिन माग राख्नुभएको थियो ।

महासंघका निवर्तमान अध्यक्ष एवम् बैंकका सल्लाहकार मीनराज कँडेलले सहकारी संघ/संस्थालाई राजस्व तिर्न'पर्दैन जस्ता गम्भीर विषयमा अराजक समूहबाट भ्रम सिर्जना गरेको हुँदा राज्यले तत्काल कारबाहीको दायरामा ल्याउनुपर्ने कुरामा जोड दिनुभयो । प्रतिनिधिमण्डलमा महासंघका उपाध्यक्ष डी.वि. बस्नेत, सञ्चालक काशीचन्द्र बराल, महाप्रबन्धक चित्रा कुमारी थाम्सुहांग सुब्बाको सहभागिता रहेको थियो भने छलफलमा क्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष चन्द ढकाल र राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले सहकारी क्षेत्रको समस्या समाधानका लागि गर्न'पर्ने विषयमा कुरा राख्नुभएको थियो ।

# हार्दिक बधाई



**माननीय मन्त्री बलराम अधिकारी**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमा माननीय **बलराम अधिकारीज्यू** नियूक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर